# नैतिकता र इस्लाम

[ नेपाली - Nepali - نيبالي ]

लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मुहम्मद इदरीस सलफी

2015 - 1436

IslamHouse.com

# الأخلاق والإسلام

« باللغة النيبالية »

تأليف: عتيق الرحمن محمد إدريس خان مكي

المراجعة: محمد إدريس سلفي

2015 - 1436

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९७२७६४९२३८
९८१४४९९१४०
सउदी नं. ००९६६५०१३७२२५४
□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया
atiqkhannp1982@yahoo.com

# प्रस्तावना

अलहम्दु लिल्लाहि नहमदुहु व नस्तईनुहु व नस्तगफिरहु व नऊजु बिल्लाहि मिन शुरूरि अनफुसिना वमिन सईयाति अअ्मालिना, मैँयहदिहिल्लाहु फलामिजिल्ला लहु व मैँयुजलिल्हु फला हादियालहु व अश्हदु अल्लाइलाहा इल्लल्लाहु व अश्हदु अन्ना मुहम्मदन् अब्दुहु व रसूलुहु । ( अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घरपरिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा इस्लाममा नैतिकताको महत्व र श्रेष्ठतालाई वर्णन गर्नुको साथ साथै रसूल सल्लल्लाहो अलैहे वसल्लमका केही प्रमुख नैतिकता र शिष्टाचारलाई प्रमाणसहीत वर्णन गर्ने प्रयास गरेको छु । कदाचित यो किताब कसैलाई अनैतिकताको भ्रमजालबाट मुक्त गराई नैतिकवान बनाओस्, र मेरो यो लेखको उद्देश्य सफल भइहालोस् ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । यसर्थ अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र  मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्  (आमीन)


**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०**

**Mob.00977-9814499140**

## इस्लाममा नैतिकताको महत्व

यस संसारमा जति पनि धर्महरू छन् सबै धर्महरू नैतिकताको पाठ पढाउँछन् । र नैतिकतालाई अति महत्व दिनछन्, सबैको दृष्टिशैली भिन्न हुन्सक्छ तर उद्देश्य एउटै देखिन्छ ।

र इस्लाम पनि बहुचर्चित धर्महरू मध्ये एक हो । र यस धर्ममा नैतिकतालाई पूजाभन्दा उच्च दर्जा प्रदान गरिएको छ । र यस धर्ममका अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम नैतिकतालाई परिपूर्ण गर्नुको लागि नै यस संसारमा प्रस्थान गर्नु भएको थियो । जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : मलाई यसकारण पठाइएको छ कि म नैतिकतालाई परिपूर्ण गरूँ । ( अहमद )

र आर्को हदीसमा वर्णन छ :

अर्थ : मेरो उदाहरण र मभन्दा पहिलाका सन्देष्टाहरूको उदाहरण यस्तै छ जस्तोकि एउटा मान्छे छ जसले अति सुन्दर सुसज्जित भवनको निर्माण गर्‍यो, तर एउटा ईँटको स्थान खाली नै

राख्यो त हेर्नेहरूले भन्न थाले कि कति राम्रो हुन्थ्यो यदि यो ईँट पनि हुन्थ्यो । त म त्यो ईँट हूँ म पश्चात कुनै पनि सन्देष्टा आउनेवाला छैन । ( बुखारी, मुस्लिम, मुस्नद अहमद, सहीह इब्ने हिब्बान )

त हाम्रो अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम रसूलहरूको समापकको उद्देश्य नै नैतिकतालाई विस्तार गर्नु थियो । जस्तोकि उपरोक्तका हदीसहरूबाट यसको पुष्टि भयो । र यस कर्यको महत्व र श्रेष्ठता इस्लाम धर्ममा यति छ कि इस्लामले जीवनका प्रत्येक क्षेत्रमा यसलाई लागू गर्ने आदेश दिएको छ, र अनैतिकताबाट बाँच्नुको लागि प्रोत्साहन गरेको छ, यहाँसम्म कि आफ्नो कुनै भाइको सामुन्ने मुस्कानलाई दान सरह भनेको छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : आफ्नो भाइको मुख अगाडि मुस्काउनु पनि दान हो, र सुकर्मको आदेश गर्नु पनि दान हो, र मार्ग बिराएको मान्छेलाई मार्गदर्शन गराउनु पनि दान हो, र बाटोबाट कष्टमय वस्तुलाई हटाइदिनु पनि दान हो । ( बुखारी )

त इस्लाम ती समस्त उच्च आचरणतर्फ आमन्त्रण दिन्छ जसबाट हाम्रो समाज प्रसन्नता र शान्तिबाट प्रभुल्लित भइजाओस् । र ती सबै

दुष्कर्मबाट रोक्दछ जसले हाम्रो समाजमा विगार उत्पन्न गरोस् । जसरी उदाहरणस्वरूप हेर्नुस् ! इस्लाम ईमानदारी, सचरित्रता, धरोहर्ता, न्याय, सत्यता, मेलमिलाप ..... आदि तर्फ आह्वान गर्छ । र बेईमानी, व्यभिचार, बलात्कार, अश्लीलता, निर्लज्जता, विश्वासघात, अन्याय, अत्याचार, अहंकार, उपद्रव, धोका, ईर्ष्या, क्षलकपट .... आदिबाट बलपूर्वक रोक्दछ ।

र रसूल सल्लल्लाहो अलैहे वसल्लम यस संसारका सर्वश्रेष्ठ आचरणवान हुनुहुन्थ्यो तै पनि उहाँ सल्लल्लाहो अलैहे वसल्लम सदैंव यो याचना गरिराख्नु हुन्थ्यो कि : " हे अल्लाह हे मेरो पालनकर्ता ! तिमीले जसरी मेरो आकार अति राम्रो बनाएका छौ त्यस्तै मेरो आचरणलाई पनि राम्रो बनाइदेऊ, हे अल्लाह मलाई अनैतिकताबाट बचाऊ किनकि तिमी बाहेक कोही पनि मलाई सर्वोच्च आचरणतर्फ प्रवृत्त गर्न सक्दैन " । ( मुस्नद अहमद, मुस्नद अबू यअ्ला, इब्ने हिब्बान, र यस हदीसलाई अल्लामा अल्बानीले सही भन्नु भएको छ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले नैतिकतातर्फ प्रोत्साहन गर्दै भन्नुहुन्छ :

अर्थ : महाप्रलयको दिन मभन्दा निकट्तम् त्यो मान्छे हुनेछ जसको आचरण सबैभन्दा राम्रो होस् । ( तिर्मिजी )

र आर्को हदीसमा वर्णन छ :

अर्थ : मान्छे आफ्नो नैतिकताले गर्दा त्यो स्थान र दर्जा प्राप्त गर्नसक्ने छ जुन दर्जा व्रतालु र नमाजीहरूको लागि विशिष्ट छ। ( अबू दाऊद )

र आर्को हदीसमा वर्णन छ :

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोधियो कि सबैभन्दा उत्कृष्ट आस्थावान को हो ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: जसको आचरण सबैभन्दा राम्रो होस् । ( अबू दाऊद, तिर्मिजी, नेसाई, मुस्नद हाकिम )

र आर्को हदीसमा वर्णन छ :

अर्थ : प्रलयको दिन आस्थावानहरूको लागि तुलामा नैतिमताभन्दा गरुङ्गो अरु कुनै कर्म हुने छैन । ( तिर्मिजी, र यस हदीसलाई अल्लामा अल्बानीले सही भन्नु भएको छ )

र यस जस्ता अरु धेरै हदीसहरू नैतिकताको महत्वलाई प्रदर्शित गर्छन् जसलाई वर्णन गर्ने यो ठाउँ होइन ।

# अनैतिकताको वर्चस्व

पूण संसारमा वर्तमान कालमा यदि वास्तविक कुरो भनम् भने अनैतिकताको अधिपत्य कायम भइसकेको छ, र कतिपय समाजमा त अनैतिकतालाई नैतिकताको नाम दिइसकिएको छ, खासगरी पश्चिमी देशहरूमा नैतिकता र अनैतिकता बीच कुनै भिन्नता नै बाँकी रहेन, बरु दुवैलाई एउटैमा यसरी मिसाइयो कि दुवैमा फर्क गर्नु नै गाह्रो भइसकेको छ । र त्यही पश्चिमी संस्कृतिले नै हाम्रो समाजलाई पनि नैतिकताविहीन गरिराखेको छ । र आज हाम्रो देश र समाज पनि पश्चिमीहरूको पदचिन्हमा हिंडिहालेको छ। यसलेगर्दा अनैतिकताको वर्चस्व मात्र पश्चिमी देशहरूमा होइन बरु पूर्ण विश्वमा कायम हुँदै गएको छ ।

हाम्रा दैनिक पत्रपत्रिका, समाचारहरू कुनै अनैतिक घटना नवर्णन गरिकन् पूर्ण नै हुँदैन । कतै बलात्कारको शीर्षक छ, त कतै व्यभिचारको, कतै उपद्रवको खबर छापिएको छ, त कतै अत्याचारको, अर्थात हाम्रो समाजमा अनैतिकताको कारणले दुष्कर्मको तापमान र तीब्रता यति बढिसकेको छ कि त्यसको कुनै

चरमसीमा नै रहेन बरु त्यसले समस्त सीमालाई पार गरिसकेको छ ।

अब त यस्तो लाग्दछ कि मान्छे आफ्नो घरमा पनि असुरक्षित छ । र हाम्रो देश नेपालको त कुरै नगर्नुस् यहाँको उदण्डता त आफ्नो अन्तिम चर्मसीमा सम्म पगिसकेको छ । तर यसको कारण के हो ?

सर्वप्रथम नैतिकताको गलत व्याख्या र परिभाषा सबै कारणहरूमा प्रमुख कारण हो । किनकि जब नैतिकताको परिभाषा नै परिवर्तित गरिन्छ त स्वतः अनैतिकतामा वृद्धि हुनुमा कुनै सन्देह नै बाँकी रह्दैन, उदाहरणको लागि निम्नको कुरामा ध्यान दिनुस् !

प्राकृतिक रूपमा हाम्रो समाजमा दुई वर्गाहरू छन् पुरुष र महिला, भाले र पोथी । र दुवैको बीचमा वासनाको पूर्तिको लागि प्राकृतिक कानून र विधान छन् र सधैंदेखि चली आएको रीति छ अब त्यसलाई जुन तरिकाले पनि गरियोस् चाहे विवाहको शुभ बन्धनद्वारा वा व्यभिचार अथवा बलात्कारको दुष्कर्मद्वारा तर यो मिलन दुई वर्ग दुई जाति बीच हुन्छ जसका अङ्गहरूमा प्राकृतिकतौरले भिन्नता छ जसरी महिला र पुरुष । त यी दुवै एकआर्कासित मिलाप गरी सन्तुष्टि र शान्ति प्राप्त गर्छन्, र यो नै संसारको रीति हो

। र यसैलेगर्दा आज सम्म हाम्रो वंश बाँकी छ र यस संसारको चक्र चलिरहेको छ। र यो मिलाप विवाहको शुभ बंधनद्वारा गर्नु नै धर्मको कानून अनुकूल छ, र यसैतर्फ समस्त धर्महरूले आह्वान गरेका छन् ।

तर आजको दिक्षित संस्कारका ठूलठूला दावीगर्नेहरूले यस परम्परा र प्राकृतिक विधानलाई नै पलटाउने प्रयास गरेका छन् र स्वतन्त्रताको नामको गुहार लगाउँदै पुरुषले उसै जस्तो पुरुषसित वासना पूर्ति गर्ने मार्गको वकालत गर्दै देखिन्छन् । अर्थात महिलासित इच्छापूर्ति नगरिकन् पुरुषले पुरुषसित नै शारीरिक सम्बन्ध राख्नेलाई जायज र नैतिकता अनुकूल भनेर नैतिकताको परिभाषा नै परिवर्तित गर्ने प्रयास गरेका हुन्, र प्राकृतिको उल्लंघन गर्ने दुष्प्रयासमा छन् ।

अब तपाई नै विचार गर्नुस् कि के यो नै नैतिकता हो ? यदि यो नै नैतिकता हो भने अनैतिकताको परिभाषा खोइ ?

यो त मात्र उदाहरण हो नत्र हाम्रो समाजमा आज प्रत्येक अनैतिक कार्यलाई नैतिकताको आवरण दिइएको छ र त्यसलाई खुल्लमखुल्ला सबैको सामुन्ने गरिन्छ। अब चाहे त्यो व्यभिचार होस् वा बलात्कार, अन्याय होस् वा अत्याचार,

दुष्कर्म होस् वा कुकर्म, उपद्रव होस् वा उदण्डता । सबै मान्छेहरू अआफ्ना तरिकाले अनैतिक कार्यहरूलाई नैतिकताको रूप दिई खुल्लाखुल्ला गरिराखेका छन्, न कुनै कानून छ न कुनै विधान ।

आज हाम्रो समाजमा व्यभिचारलाई स्वतन्त्रता भनिन्छ, अत्याचार र उपद्रवलाई प्रतिकार भनिन्छ, कसै दोस्रोको हक हननलाई अधिकार भनिन्छ । अर्थात नैतिकतालाई अनैतिकताबाट छुट्याउन अति गाह्रो भइसकेको छ ।

र दोस्रो कारण के छ भने हाम्रो समाजमा नास्तिकताको आगमन । यसले मानवजाति निकट सत्य असत्य, सुकर्म कुकर्मको भिन्नतालाई नै मेटाइदियो । जब कुनै धर्म र पूज्यमाथि आस्था नै रहेन त धर्मका निर्देशनहरू यस्ता मान्छेको लागि कुनै महत्व राख्दैन । यिनीहरू आफै नियम र कानून बनाउँछन् र त्यसै बमोजिम कार्यरत रहन्छन्, र यदि कुनै नियम उनको इच्छा विरुद्ध भयो भने त्यसलाई स्तगित गरी आर्को नियम लागू गर्छन् जुन उनको इच्छापूर्तिमा बाधा नहालोस् । अर्थात प्रत्येक समुदाय अआफ्ना हिसाबले आफ्नो स्वार्थलाई ध्यानमा राखी कानून बनाएका छन् । यसर्थ एउटै कार्य कसैको कानून बमोजिम नैतिक ठहर हुन्छ,

त आर्काको कानून बमोजिम अनैतिक । यसैकारण आज पूर्ण विश्वमा नैतिकताको काल परेको छ नैतिकता कहाँ छ थाहै छैन ।
तर के यस्तै चलिरहेमा हाम्रो कल्याण हुन्सक्छ ? के हामी उन्नति प्राप्त गर्नसक्छौं ? के हामी र हाम्रा सन्तान र समाज सुरक्षित रहन्सक्छ ?
यो प्रश्नचिन्ह हाम्रो देश र समाज एवं पूर्ण विश्वको सुरक्षामाथि छ, र अति गम्भीररूपमा देखापरेको छ । यदि यस्तै अवस्था रह्यो भने त्यो समय धेरै टाढा छैन जब यो ब्रह्माण्ड क्षतविक्षत भइजाने छ, र हाम्रो समाज र देशको त्यो दुर्गति हुनेछ जसको कोही कल्पना पनि गर्न सक्दैन ।
तत्पर्य योकि वास्तवमा यस संसारको र यस ब्रह्माण्डको विनाशलाई विराम दिनुको लागि कुनै न कुनै उपाय त गर्नु नै पर्छ र त्यो हो कुनै यस्तो ठोस् र सुदृढ कनूनको विस्तार जुन परिपूर्ण पनि होस् र सर्वमान्य पनि, र सशक्त पनि होस् र सर्वगुण सम्पन्न पनि ।
त यस्तो कानून त मात्र त्यो नै अविष्कार गर्न सक्छ जुन भूत वर्तमान र भविष्यको ज्ञाता होस्, र जसलाई प्रत्येक प्राणीको अवस्था र आवश्यकताबारे पूर्ण ज्ञान होस् । जसलेगर्दा कानून बनाउँदाखेरि कसैमाथि अन्याय नहोस् र कसैको हक अधिकारको हनन् पनि नहोस्, र

यसको साथ साथै कुनै त्यसको कानूनको उल्लंघन पनि गर्न नसकोस्, तर यदि कसैले उल्लंघन गरिहाल्यो भने त्यसलाई दण्डित गर्नुमा सामर्थ्यवान पनि होस्, र त्यसको दण्ड दिने कर्ममा कुनै पनि बाधा हाल्न नसकोस् । अर्थात त्यो अधिपत्य शाली, अविनाशी, सर्व शक्ति सम्पन्न र सर्वगुण सम्पन्न हुनुपर्छ ।

त प्रश्न यो उठ्छ कि के कुनै प्राणीमा उपरोक्तका गुणहरू छन् ?

यस प्रश्नमा विचार गर्दाखेरि हामीलाई यो थाहा हुन्छ कि यसखालको प्राणी हुनु असम्भव छ । अनि हामीलाई के गर्नु पर्‍यो ?

नम्रतापूर्वक विचार गरे पश्चात हामी यसै निष्कर्षमा पुग्ने छौं कि हामीलाई धर्मतर्फ प्रवृत्त हुनु नै पर्छ । र समस्त धर्महरू हाम्रो अगाडि एउटा अविनाशी सर्वगुण सम्पन्न र सर्वशक्ति सम्पन्नलाई राख्दछन् र त्यो हो समस्त ब्रह्माण्डको पालनकर्ता जुन समस्त ब्रह्माण्डको रचयता र संचालक हो, र जसले यस ब्रह्माण्डको संचालनलाई निरंत्रता दिनुको लागि एउटा विधान बनायो जसको उल्लंघन कोही पनि गर्न सक्दैन । जति प्रयास गरे पनि यस संसारको कुनै पनि कण त्यस अविनाशीले बनाएको विधानको उल्लंघन र अतिक्रमण गर्न सक्दैन ।

हामी त मानव हौं तुच्छ र शक्तिविहीन हाम्रो शक्ति नै कति छ, तर यस महान प्रकाशमान सूर्यलाई हेर यो चन्द्रलाई हेर, यो वायु आकाश र पाताल र धरतीलाई हेर, यिनीहरू पनि हामी जस्तै सृष्टि हुन् तर हामीहरूको तुलनामा यिनीहरूको शक्तिको कुनै मुकाबिला नै छैन तै पनि यिनीहरूको के आँट कि आफ्नो परम् पूज्यको आदेशको उल्लंघन गरुन् ।

तर हामी तुच्छ र मुखापेक्षी मानव र दानव जाति त्यस पालनकर्ताले बनाएको विधानको उल्लंघन गर्न खोज्दछौं । त के वास्तवमा हामी त्यसका सीमाहरूको अतिक्रमण गर्न सक्छौं ? र त्यसको प्रतिद्वन्दी बन्न सक्छौं ?

यसको उत्तर हो ! यदि हामी त्यसको उल्लंघनकारी र प्रतिद्वन्दी बन्नसक्थें भने आज हामीलाई मृत्यु आउँदैन्थ्यो र हामी मृत्युमाथि विजय प्राप्त गरी त्यसलाई पराजित गरिसकेका हुन्थियौं । तर हामी यसो गर्नुबाट असमर्थ छौं, र यो मृत्यु पनि त्यस अविष्कारीका सृष्टिहरू मध्ये एक हो, जब हामी यसलाई पराजित गर्न सकेनौं त त्यस परम् पूज्य र सर्वशक्ति सम्पननलाई के पराजित गर्छौं ।

तात्पर्य योकि त्यसै अविनाशीतर्फ प्रवृत्त भएर मात्र हामी यस समस्याको समाधान पाउनुमा

सफल हुन्सक्छौं, र त्यसले अवतरित गरेको विधानमा कर्यरत भई मात्र हामी अआफ्ना समाज र देशबाट कुरीति र अनैतिकतालाई समाप्त गर्न सक्छौं । किनकि त्यो कानून नै सर्वमान्य हुनसक्छ जसलाई निर्माण गर्नेवाला सबैको हक अधिकार र आवश्यकताको पूर्णरूपले ज्ञाता होस् । यसर्थ त्यो अविनाशी र स्रष्टा भन्दा राम्रो ज्ञाता को हुन्सक्छ जुनकि स्वयम् सबैको निर्माता हो र सबैका आवश्यकताहरूको निर्माता पनि ।

त त्यसको कानून र विधानको अनुपालनबाट नै हाम्रो संसारमा सुख शान्तिको विस्तार हुन्सक्छ, यसर्थ यसै विषयमा केही कुरा गरौं ।

भन्नको लागि त यस संसारमा अनेकौं सन्देश वाहकहरू अए तसर्थ यस संसारमा जीवनशैलीका अनेकौं विधान पनि आए तर समस्त धर्मको मूल उद्देश्य र मूल तथ्य त एउटै थियो र त्यो हो: एकेश्वरवादको स्थापना र त्यसतर्फ निमन्त्रण दिनु । जस्तो कि त्यस अविनाशीले पठाएको अन्तिम विधान र अन्तिम ग्रन्थ कुरआनमा यसलाई यसरी वर्णन गरेको छ :

﴿ قُولُوٓاْ ءَامَنَّا بِٱللَّهِ وَمَآ أُنزِلَ إِلَيۡنَا وَمَآ أُنزِلَ إِلَىٰٓ إِبۡرَٰهِـۧمَ

وَإِسۡمَٰعِيلَ وَإِسۡحَٰقَ وَيَعۡقُوبَ وَٱلۡأَسۡبَاطِ وَمَآ أُوتِيَ مُوسَىٰ

وَعِيسَىٰ وَمَآ أُوتِيَ ٱلنَّبِيُّونَ مِن رَّبِّهِمۡ لَا نُفَرِّقُ بَيۡنَ أَحَدٖ

مِّنۡهُمۡ وَنَحۡنُ لَهُۥ مُسۡلِمُونَ ﴿١٣٦﴾ البقرة: ١٣٦

अर्थ : हे मुस्लिमहरू ! तिमीहरू सबैले भनिदेऊ कि हामी अल्लाहमाथि, र जुन किताब हामी तिर उतरियो, र जुन (ग्रन्थहरू) इब्राहीम, इस्माईल, इस्हाक्, यअ्कूब र उनका सन्ततिहरूलाई प्रदान गरियो, तिनीमाथि र जुन मूसा र ईसालाई प्रदान गरियो र जुन अन्य पैगम्बरहरूलाई तिनका पालनकर्ताबाट प्रदान गरिए, तिनीमाथि सम्पूर्ण आस्था राख्दछौं । हामीले ती पैगम्बहरूमा कुनै भेदभाव गर्दैनौं र हामी उही एक अल्लाहका आदेश पालन गर्नेहरू हौं । ( सूरतुल् बकर: १३६ )

﴿ إِذۡ قَالَ ٱللَّهُ يَٰعِيسَى ٱبۡنَ مَرۡيَمَ ٱذۡكُرۡ نِعۡمَتِي عَلَيۡكَ وَعَلَىٰ

وَٰلِدَتِكَ إِذۡ أَيَّدتُّكَ بِرُوحِ ٱلۡقُدُسِ تُكَلِّمُ ٱلنَّاسَ فِي

ٱلۡمَهۡدِ وَكَهۡلٗاۖ وَإِذۡ عَلَّمۡتُكَ ٱلۡكِتَٰبَ وَٱلۡحِكۡمَةَ

وَٱلتَّوۡرَىٰةَ وَٱلۡإِنجِيلَۖ وَإِذۡ تَخۡلُقُ مِنَ ٱلطِّينِ كَهَيۡـَٔةِ ٱلطَّيۡرِ

بِإِذۡنِي فَتَنفُخُ فِيهَا فَتَكُونُ طَيۡرَۢا بِإِذۡنِيۖ وَتُبۡرِئُ ٱلۡأَكۡمَهَ

وَٱلۡأَبۡرَصَ بِإِذۡنِيۖ وَإِذۡ تُخۡرِجُ ٱلۡمَوۡتَىٰ بِإِذۡنِيۖ وَإِذۡ

كَفَفْتُ بَنِىٓ إِسْرَٰٓءِيلَ عَنكَ إِذْ جِئْتَهُم بِٱلْبَيِّنَٰتِ
فَقَالَ ٱلَّذِينَ كَفَرُواْ مِنْهُمْ إِنْ هَٰذَآ إِلَّا سِحْرٌ مُّبِينٌ ﴿١١٠﴾
وَإِذْ أَوْحَيْتُ إِلَى ٱلْحَوَارِيِّـۧنَ أَنْ ءَامِنُواْ بِى وَبِرَسُولِى قَالُوٓاْ
ءَامَنَّا وَٱشْهَدْ بِأَنَّنَا مُسْلِمُونَ ﴿١١١﴾ ﴾ المائدة: ١١٠ - ١١١

अर्थ : अल्लाहले भन्ने छ कि हे मरियम का पुत्र ईसा(अलै.) । मेरा ती कृपाहरू यादगर, जुन तिमी र तिम्री आमामाथि गरिएको हो । जब मैले पवित्र आत्मा (जिब्रील) द्वारा तिमीलाई मद्दत पुऱ्याएँ ( जसबाट) तिमी (बाल्य अवस्थामा) आमाको गोदीबाटै र अधेड उमेरमा मानिसहरूसँग कुराकानी गर्थ्यौ र जब मैले तिमीलाई किताब र बुद्धिमत्ता र तौरात र इंजीलको तालिम दिएँ र जब तिमीले मेरो आदेशबाट माटोको चाराको रूप बनाई त्यसमा फुँकेपछि जीवित चरा बन्दथ्यो । र, जब जन्मजात अन्धाहरू र कुष्टरोग सेता दाग भएका मानिसहरूलाई मेरो आदेशबाट निको पार्थ्यौ र जब तिमी मुर्दाहरूलाई मेरो आज्ञाले (चिहानहरूबाट) निकालेर उभ्याई हाल्दथ्यौ र जब मैले बनी इस्राईललाई तिमीमाथि अत्याचार गर्नबाट रोकिहालें, जब तिमी तिनीहरू छेउ तर्कहरूलिएर आएका थियौ, फेरि तिनीहरूमध्ये जो काफिर थिए, तिनीहरूले भन्न

थाले कि यो त खुल्ला जादू बाहेक अरु केही होइन । र जब मैले हवारीहरूलाई आदेश पठाएँ कि ममाथि र मेरा पैगम्बरमाथि आस्था राख । तिनीहरूले भन्न थाले कि हामीले ईमान ल्यायौं र तपाई साक्षी रहनुस् कि हामी आज्ञाकारी छौं । ( सूरतुल् माइदा ११०,१११ )

﴿ وَيَقُولُ ٱلَّذِينَ كَفَرُواْ لَوۡلَآ أُنزِلَ عَلَيۡهِ ءَايَةٞ مِّن رَّبِّهِۦٓۗ إِنَّمَآ أَنتَ مُنذِرٞۖ وَلِكُلِّ قَوۡمٍ هَادٍ ٧ ﴾ الرعد: ٧

अर्थ : र काफिरहरू भन्दछन्: कि उनीमाथि उनको पालनकर्ताको तर्फबाट कुनै चमत्कार किन न उतारिएको, कुरो यो छ: कि तपाई त मात्र सावधान गर्नेवाला हुनुहुन्छ, र हरेक कौमका लागि (एउटा) मार्गदर्शक छ । ( सूरतुर्रअ्द ७ )

﴿ وَلَقَدۡ بَعَثۡنَا فِي كُلِّ أُمَّةٖ رَّسُولًا أَنِ ٱعۡبُدُواْ ٱللَّهَ وَٱجۡتَنِبُواْ ٱلطَّٰغُوتَۖ فَمِنۡهُم مَّنۡ هَدَى ٱللَّهُ وَمِنۡهُم مَّنۡ حَقَّتۡ عَلَيۡهِ ٱلضَّلَٰلَةُۚ فَسِيرُواْ فِي ٱلۡأَرۡضِ فَٱنظُرُواْ كَيۡفَ كَانَ عَٰقِبَةُ ٱلۡمُكَذِّبِينَ ٣٦ ﴾ النحل: ٣٦

अर्थ : हामीले हरेक समुदायमा पैगम्बर पठायौं कि मानिसहरू अल्लाहकै पूजा गरुन्, र उस बाहेक अन्य समस्त पुज्यहरूलाई त्यागिहालुन्

अनि तिनीहरू मध्ये केही यस्ता छन्, जसलाई अल्लाहले मार्गदर्शन गऱ्यो र केही यस्ता छन जो मार्ग बिचलनमा परे । तसर्थ तिमी स्वयम् पृथ्वीमा घुमफिर गरेर हेरिहाल कि (सत्यलाई) झूठो भन्नेहरूको परिणाम कस्तो भयो ? । ( सूरतुन्नहल ३६ )

﴿ وَٱذۡكُرۡ فِي ٱلۡكِتَٰبِ إِسۡمَٰعِيلَۚ إِنَّهُۥ كَانَ صَادِقَ ٱلۡوَعۡدِ وَكَانَ رَسُولٗا نَّبِيّٗا ٥٤ وَكَانَ يَأۡمُرُ أَهۡلَهُۥ بِٱلصَّلَوٰةِ وَٱلزَّكَوٰةِ وَكَانَ عِندَ رَبِّهِۦ مَرۡضِيّٗا ٥٥ وَٱذۡكُرۡ فِي ٱلۡكِتَٰبِ إِدۡرِيسَۚ إِنَّهُۥ كَانَ صِدِّيقٗا نَّبِيّٗا ٥٦ وَرَفَعۡنَٰهُ مَكَانًا عَلِيًّا ٥٧ أُوْلَٰٓئِكَ ٱلَّذِينَ أَنۡعَمَ ٱللَّهُ عَلَيۡهِم مِّنَ ٱلنَّبِيِّـۧنَ مِن ذُرِّيَّةِ ءَادَمَ وَمِمَّنۡ حَمَلۡنَا مَعَ نُوحٖ وَمِن ذُرِّيَّةِ إِبۡرَٰهِيمَ وَإِسۡرَٰٓءِيلَ وَمِمَّنۡ هَدَيۡنَا وَٱجۡتَبَيۡنَآۚ إِذَا تُتۡلَىٰ عَلَيۡهِمۡ ءَايَٰتُ ٱلرَّحۡمَٰنِ خَرُّواْۤ سُجَّدٗاۤ وَبُكِيّٗا۩ ٥٨ ﴾ مريم: ٥٤ ـ ٥٨

अर्थ : यस किताबमा इस्माईल (अलै)को पनि चर्चा गर्नुस् । उनी आफ्नो वचनको एकदम पक्का र हामीबाट पठाईएका रसूल र नबी ( संदेष्टा) थिए । उनले आफ्ना घरका मानिसहरूलाई सधै नमाज र जकातको निर्देशन गर्दथे र आफ्नो पालनकर्ताको दृष्टिमा मनपराइएका र मर्यादित पनि थिए । र यस

किताबमा "इदरिस (अलै) को" पनि चर्चा गर्नुस् । उनी पनि अत्यन्त असल आचरणको नबी थिए । हामीले उनलाई उच्च ठाउँमा उठायौं । यिनै ती नबीहरू हुन् जसमाथि अल्लाहले आफ्नो कृपा र पुरस्कार प्रदान गऱ्यो जो आदमका सन्ततिमध्येबाट र ती मानिसहरूको जातिबाट हुन् जसलाई हामीले नूह (अलै) को साथमा डुङ्गामा सवार गरायौं र "इब्राहीम" र "यअ्कूब (अलै)का" सन्ततिहरू मध्येबाट र ती मानिसहरू मध्येबाट हुन् जसलाई हामीले मार्गदर्शन गऱ्यौं, जब उनको अगाडि हाम्रा आयतहरू पढिन्थे त यिनीहरू ढोग्दथे र रोइरहन्थे र गिड्गिडाएर ढलिहाल्थे । ( सूरतु मरियम ५४-५८ )

﴿ وَإِذْ قَالَ عِيسَى ٱبْنُ مَرْيَمَ يَـٰبَنِىٓ إِسْرَٰٓءِيلَ إِنِّى رَسُولُ ٱللَّهِ إِلَيْكُم

مُّصَدِّقًا لِّمَا بَيْنَ يَدَىَّ مِنَ ٱلتَّوْرَىٰةِ وَمُبَشِّرًۢا بِرَسُولٍ يَأْتِى مِنۢ بَعْدِى ٱسْمُهُۥٓ

أَحْمَدُ ۖ فَلَمَّا جَآءَهُم بِٱلْبَيِّنَـٰتِ قَالُوا۟ هَـٰذَا سِحْرٌ مُّبِينٌ ٦ ﴾ الصف: ٦

अर्थ : र जब मरियमको छोरा ईसा(अ.)ले भने: कि हे मेरो क़ौम । बनी इस्राईल ! म तिमी सबैको लागि अल्लाहबाट पठाइएको रसूल हूँ । म भन्दा पहिलेको किताब तौरातको म प्रमाणित गर्नेवाला छु र म पछि आउने एउटा संदेष्टा

जसको नाम अहमद हुनेछ, उनको शुभागमनको शुभ-सन्देश सुनाउँछु । अनि जब उनी तिनीहरूको पासमा स्पष्ट निशानीहरू लिएर आए, तब तिनीहरूले भन्न थाले कि यो त स्पष्ट जादू हो । ( सूरतुस्सफ्फ ६ )

﴿ وَمَآ أَرۡسَلۡنَا مِن قَبۡلِكَ إِلَّا رِجَالٗا نُّوحِيٓ إِلَيۡهِم مِّنۡ أَهۡلِ ٱلۡقُرَىٰٓۗ أَفَلَمۡ يَسِيرُواْ فِي ٱلۡأَرۡضِ فَيَنظُرُواْ كَيۡفَ كَانَ عَٰقِبَةُ ٱلَّذِينَ مِن قَبۡلِهِمۡۗ وَلَدَارُ ٱلۡأٓخِرَةِ خَيۡرٞ لِّلَّذِينَ ٱتَّقَوۡاْۚ أَفَلَا تَعۡقِلُونَ ١٠٩ ﴾ يوسف: ١٠٩

अर्थ : तपाईं भन्दा पहिला मैले गाँउलेहरूमा जति पैगम्बर पठाएँ, सबै पुरुष नै थिए । उनीहरू तर्फ मैले सन्देश (वह्य) दिदै गएँ । के तिनीहरू पृथ्वीमा हिलडुल गरेर देखेनन् ? कि उनी भन्दा पहिलाका व्यक्तिहरूको के कस्तो परिणाम भयो । वास्तवमा अन्तिम घर सहनशीलहरूको लागि धेरै राम्रा छन् । तै पनि तिनी सम्भन सक्तैनन् । ( सूरतु यूसुफ १०९ )

र एकेश्वरवादलाई मूल मुद्दा बनाउने कारण यो नै हो कि बिना यस आस्था कुनै पनि निर्देशन लाभप्रद सिद्ध हुनेछैन, जस्तोकि हामी वर्तमान युगमा हेरिराखेका छौं । र यो मूल मुद्दाको साथै अल्लाहले प्रत्येक सन्देशवाहकलाई केही विधान र

निर्देशन पनि दिदै आएको थियो जसलाई हामी धर्मशास्त्र शरीअत आदि भन्छम् । जुनकि जीवन व्यतीत गर्ने कानून र पूजा गर्ने शैली पनि हो । र यो विधान सबै सन्देष्टाहरूलाई भिन्न भिन्न प्रदान गरियो तर सबैमा दुई चीज एकनास थियो, र त्यो हो: एकेश्वरवाद र नैतिकता । कुनै पनि धर्म र विधानले र कुनै पनि सन्देष्टाले अनैतिकता, बहुदेववाद र नास्तिकता तर्फ आह्वान गरेन, जस्तोकि समस्त धर्महरूका पवित्र ग्रन्थहरू  यस कुराको पुष्टि गर्छन् ।

तर अधिकतम् धर्महरूका धर्मगुरुहरूले अआफ्ना धर्म निर्देशनहरूमा थपघट गरेका छन् जस्तोकि हाम्रो परम् पूज्यले आफ्नो अन्तिम ग्रन्थ कुरआनमा यसकुराको पुष्टि गर्दै यसरी वर्णन गर्नु भएको छ :

﴿ فَمَنۢ بَدَّلَهُۥ بَعۡدَ مَا سَمِعَهُۥ فَإِنَّمَآ إِثۡمُهُۥ عَلَى ٱلَّذِينَ يُبَدِّلُونَهُۥٓۚ إِنَّ ٱللَّهَ سَمِيعٌ عَلِيمٞ ١٨١ ﴾ البقرة: ١٨١

अर्थ : अब यो सुने पछि कुनै व्यक्तिले यसलाई परिवर्तित गर्छ भने त्यसको पाप त्यो बदल्ने मानिसहरूमाथि हुन्छ । नि:सन्देह अल्लाह सुन्नेवाला (र) जान्नेवाला छ । ( सूरतुल् बकर: १८१ )

﴿ مِّنَ ٱلَّذِينَ هَادُواْ يُحَرِّفُونَ ٱلۡكَلِمَ عَن مَّوَاضِعِهِۦ
وَيَقُولُونَ سَمِعۡنَا وَعَصَيۡنَا وَٱسۡمَعۡ غَيۡرَ مُسۡمَعٖ وَرَٰعِنَا لَيَّۢا
بِأَلۡسِنَتِهِمۡ وَطَعۡنٗا فِي ٱلدِّينِۚ وَلَوۡ أَنَّهُمۡ قَالُواْ سَمِعۡنَا وَأَطَعۡنَا
وَٱسۡمَعۡ وَٱنظُرۡنَا لَكَانَ خَيۡرٗا لَّهُمۡ وَأَقۡوَمَ وَلَٰكِن لَّعَنَهُمُ ٱللَّهُ
بِكُفۡرِهِمۡ فَلَا يُؤۡمِنُونَ إِلَّا قَلِيلٗا ٤٦ ﴾ النساء: ٤٦

अर्थ : केही यहुदीहरूले (अल्लाहले भनेका) शब्दहरूलाई तिनका ठीक ठाउँबाट परिवर्तित गरिदिन्छन् र भन्दछन् कि हामीले सुन्यौ र मानेनौं र (हाम्रो) सुन ! र तिम्रो न सुनिएकै अवस्थामा । र हाम्रो ध्यान राख तर यो भन्दा आफ्नो जिभ्रो बटारी धर्ममा खिसी गर्दछन् र यदि यिनीहरूले भनेको भए कि हामीले सुन्यौं र मानिहाल्यौ र तपाई सुन्नुस् र हामीलाई हेर्नुस् त यो तिनिहरूको निम्ति धेरै राम्रो र उचित पनि हुन्थ्यो । तर अल्लाह तिनीहरूको कुफ्रको कारण तिनीहरूलाई अभिशप्त गरिहालेको छ तसर्थ थोरैले मात्र आस्था राख्दछन् । ( सूरतुन् निसा ४६ )

﴿ يَٰٓأَهۡلَ ٱلۡكِتَٰبِ لَا تَغۡلُواْ فِي دِينِكُمۡ وَلَا
تَقُولُواْ عَلَى ٱللَّهِ إِلَّا ٱلۡحَقَّۚ إِنَّمَا ٱلۡمَسِيحُ عِيسَى ٱبۡنُ مَرۡيَمَ

رَّسُولُ ٱللَّهِ وَكَلِمَتُهُۥٓ أَلۡقَىٰهَآ إِلَىٰ مَرۡيَمَ وَرُوحٞ مِّنۡهُۖ
فَـَٔامِنُواْ بِٱللَّهِ وَرُسُلِهِۦۖ وَلَا تَقُولُواْ ثَلَٰثَةٌۚ ٱنتَهُواْ خَيۡرٗا لَّكُمۡۚ
إِنَّمَا ٱللَّهُ إِلَٰهٞ وَٰحِدٞۖ سُبۡحَٰنَهُۥٓ أَن يَكُونَ لَهُۥ وَلَدٞۘ لَّهُۥ مَا
فِي ٱلسَّمَٰوَٰتِ وَمَا فِي ٱلۡأَرۡضِۗ وَكَفَىٰ بِٱللَّهِ وَكِيلٗا ١٧١

النساء: ١٧١

अर्थ : हे अहले किताब ! (यहूदी-ईसाई) आफ्नो धर्मको सीमोल्लङ्घन नगर र अल्लाहको बारेमा सत्य बाहेक अरु केही नभन । मरियमका छोरा ईसा मसीह(अलै.) (नत अल्लाह थिए न अल्लाहका छोरा बरु) अल्लाहका रसूल मात्र र उसको पवित्र सन्देश वाहक मात्र थिए, जो अल्लाहको वाणीबाट पैदा भए जसलाई अल्लाहले मरियमलाई प्रदान गरेको थियो र उसको तर्फबाट पठाईएका एउटा रूह (आत्मा) थिए, तसर्थ तिमीहरूले अल्लाह र उसका सबै रसूलहरूमाथि आस्था राख र न भन कि अल्लाह तीनवटा छन् र यो धारणाबाट टाढा रह किनकी तिम्रो निम्ति यही नै राम्रो छ । अल्लाह एउटै मात्र पूजनीय छ र यो कुरासँग उसको कुनै सम्बन्ध छैन कि उसका सन्तान छन् । जे जति आकाशहरूमा र जमिनमा छन् सबै उसैको हुन्

र अल्लाह नै संरक्षक स्वरूप प्रयाप्त छ। ( सूरतन् निसा १७१ )

﴿ فَبِمَا نَقْضِهِم مِّيثَٰقَهُمْ لَعَنَّٰهُمْ وَجَعَلْنَا قُلُوبَهُمْ قَٰسِيَةً ۖ يُحَرِّفُونَ ٱلْكَلِمَ عَن مَّوَاضِعِهِۦ ۙ وَنَسُوا۟ حَظًّا مِّمَّا ذُكِّرُوا۟ بِهِۦ ۚ وَلَا تَزَالُ تَطَّلِعُ عَلَىٰ خَآئِنَةٍ مِّنْهُمْ إِلَّا قَلِيلًا مِّنْهُمْ ۖ فَٱعْفُ عَنْهُمْ وَٱصْفَحْ ۚ إِنَّ ٱللَّهَ يُحِبُّ ٱلْمُحْسِنِينَ ﴿١٣﴾ ﴾ المائدة: ١٣

अर्थ : फेरि तिनीहरूले वचन तोडिदिएको हुनाले हामीले तिनीहरूलाई तिरस्कृत गऱ्यौ, र तिनीहरूका हृदयलाई कठोर बनाइदियौं। किनभने यिनीहरूले शब्दहरूलाई (वह्‌य गरिएका वाणीलाई) तिनका ठाउँबाट बदलिहाल्दछन् र जुन कुराको तिनीहरूलाई निर्देश दिइएको थियो, त्यसको ठूलो भागलाई बिर्सी सकेका छन्, र केही मानिसहरू बाहेक सधै तिनीहरूको एउटा न एउटा छलकपटको कुरा तिमीहरूलाई जानकारी दिइराख्ने छौं। तसर्थ तिनीहरूलाई क्षमा गरिदेऊ र तिनीको कुराको वास्ता नगर, किनकी अल्लाहले भलाई गर्नेहरूलाई मायाँ गर्दछ। ( सूरतुल् माइदा १३)

﴿ ۞ يَـٰٓأَيُّهَا ٱلرَّسُولُ لَا يَحۡزُنكَ ٱلَّذِينَ يُسَٰرِعُونَ
فِي ٱلۡكُفۡرِ مِنَ ٱلَّذِينَ قَالُوٓاْ ءَامَنَّا بِأَفۡوَٰهِهِمۡ وَلَمۡ تُؤۡمِن
قُلُوبُهُمۡۛ وَمِنَ ٱلَّذِينَ هَادُواْۛ سَمَّـٰعُونَ لِلۡكَذِبِ
سَمَّـٰعُونَ لِقَوۡمٍ ءَاخَرِينَ لَمۡ يَأۡتُوكَۖ يُحَرِّفُونَ ٱلۡكَلِمَ مِنۢ
بَعۡدِ مَوَاضِعِهِۦۖ يَقُولُونَ إِنۡ أُوتِيتُمۡ هَٰذَا فَخُذُوهُ
وَإِن لَّمۡ تُؤۡتَوۡهُ فَٱحۡذَرُواْۚ وَمَن يُرِدِ ٱللَّهُ فِتۡنَتَهُۥ فَلَن
تَمۡلِكَ لَهُۥ مِنَ ٱللَّهِ شَيۡـًٔاۚ أُوْلَـٰٓئِكَ ٱلَّذِينَ لَمۡ يُرِدِ
ٱللَّهُ أَن يُطَهِّرَ قُلُوبَهُمۡۚ لَهُمۡ فِي ٱلدُّنۡيَا خِزۡيٞۖ وَلَهُمۡ فِي
ٱلۡأٓخِرَةِ عَذَابٌ عَظِيمٞ ﴿٤١﴾ ﴾ المائدة: ٤١

अर्थ : हे पैगम्बर ! जुन मानिसहरू आपसमा अवज्ञाकारितामा प्रतिस्पर्धा गर्ने गर्दछन् तिनीहरूको पछाडि नपर्नुस्, तिनीहरूमध्ये केही यस्ता छन् जो मुखले भन्दछन् कि हामी मोमिन हौं तर तिनको आत्माले ईमान ल्याएको हुँदैन र यहूदीहरूमध्ये केही यस्ता छन् जो गलत कुरा सुन्न अभ्यस्त छन् र तिनीहरूको जासूसी गर्दै हिंड्दछन् जुन अहिलेसम्म तपाईंकहाँ आएका छैनन् । तिनीहरूले शब्दहरू सही ठाउँबाट झिकी

परिवर्तित गर्दछन् र भन्दछन् कि यदि तिमीलाई यही आदेश प्राप्त हुन्छ भने त्यसलाई स्वीकार गरिहाल्नु र यदि यो आदेश हुँदैन भने अलग्गै रहनु र यदि कसैलाई अल्लाहले बाटोबाट विचलित गर्न चाहन्छ भने त्यसको निम्ति तपाईंलाई अल्लाहबाट अलिकति पनि अधिकार छैन। यिनी त्यस्ता मानिसहरू हुन् जसका हृदयलाई अल्लाहले पवित्र गर्न चाहेन। तिनीहरूको निम्ति संसारमा पनि ठूलो तिरस्कार छ र अखिरत (परलोक)मा पनि ठूलो सजाय छ। ( सूरतुल् माइदा ४१ )

﴿ إِنَّآ أَنزَلۡنَا ٱلتَّوۡرَىٰةَ فِيهَا هُدٗى وَنُورٞۚ يَحۡكُمُ بِهَا ٱلنَّبِيُّونَ ٱلَّذِينَ أَسۡلَمُواْ لِلَّذِينَ هَادُواْ وَٱلرَّبَّٰنِيُّونَ وَٱلۡأَحۡبَارُ بِمَا ٱسۡتُحۡفِظُواْ مِن كِتَٰبِ ٱللَّهِ وَكَانُواْ عَلَيۡهِ شُهَدَآءَۚ فَلَا تَخۡشَوُاْ ٱلنَّاسَ وَٱخۡشَوۡنِ وَلَا تَشۡتَرُواْ بِـَٔايَٰتِي ثَمَنٗا قَلِيلٗاۚ وَمَن لَّمۡ يَحۡكُم بِمَآ أَنزَلَ ٱللَّهُ فَأُوْلَٰٓئِكَ هُمُ ٱلۡكَٰفِرُونَ ٤٤ ﴾ المائدة: ٤٤

अर्थ : हामीले नै तौरात उतार्‍यौं, जसमा मार्गदर्शन र प्रकाश थियो। त्यसै अनुसार नबी र ज्ञानीहरूले जो (अल्लाहका) आज्ञाकारी थिए

यहूदीमा यसै तौरात अनुसार फैसला गर्दथे । किनभने तिनीहरूलाई अल्लाहको किताबको रक्षा गर्ने आदेश थियो, र तिनीहरू यसको गवाह पनि थिए, तसर्थ तिमी मानिसहरूसित नडराउनु र मसँग डर मान्नु र मेरो आयतहरूलाई अलिकति मूल्यमा न बेच्नु । जसले अल्लाहले प्रदान गरेको आदेशहरू बमोजिम फैसला गर्दैनन् तिनीहरू नै काफिर हुन् । ( सूरतुल् माइदा ४४ )

﴿ ٱتَّخَذُوٓاْ أَحۡبَارَهُمۡ وَرُهۡبَٰنَهُمۡ أَرۡبَابٗا مِّن دُونِ ٱللَّهِ وَٱلۡمَسِيحَ ٱبۡنَ مَرۡيَمَ وَمَآ أُمِرُوٓاْ إِلَّا لِيَعۡبُدُوٓاْ إِلَٰهٗا وَٰحِدٗاۖ لَّآ إِلَٰهَ إِلَّا هُوَۚ سُبۡحَٰنَهُۥ عَمَّا يُشۡرِكُونَ ٣١ ﴾ التوبة: ٣١

अर्थ : यिनीहरूले अल्लाहलाई छाडी आफ्ना पादरी र सन्तहरू र मरियमको छोरा मसीहलाई आफ्ना पालनहार बनाए, जबकि यिनीहरूलाई मात्र एक एकलै अल्लाहकै उपासनाको आदेश दिइएको थियो, जस बाहेक कोही सत्य पूजनीय छैन । ऊ उसको साझेदार ठहराउने कार्यबाट मुक्त छ । ( सूरतुत्तौबा ३१ )

त जब प्रत्येक रसूलको उपहास नै गरियो, र त्यसले ल्याएको विधानलाई परिवर्तित नै गरियो, अनि प्रलय सम्मको लागि हाम्रो पालनकर्ताले

एउटा अन्तिम धर्म र विधान अन्तिम सन्देष्टामाथि अन्तिम ग्रन्थको रूपमा अवतरित गऱ्यो । अर्थात आफ्नो अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि अवतरित गऱ्यो । र त्यसको सुरक्षाको जिम्मेवारी पनि स्वयम् आफै लियो । जस्तोकि त्यस अविनाशीले आफ्नो अन्तिम ग्रन्थ कुरआनमा भनेको छ :

﴿ إِنَّا نَحْنُ نَزَّلْنَا ٱلذِّكْرَ وَإِنَّا لَهُۥ لَحَٰفِظُونَ ٩ ﴾ الحجر: ٩

अर्थ : (निःसन्देह) हामीले नै कुरआनलाई उतारेका छौं र हामी नै यसको संरक्षक हौं । ( सूरतुल् हिज्र ९ )

त हे भाइ ! जस विधान र कानूनको हामीलाई खोज छ त्यो पवित्र कुरआन नै हो जसको सुरक्षाको जिम्मेवारी स्वयम् परम् पालनकर्ताले लिई बक्सनु भएको छ । र जस विधानद्वारा हामी सत्य असत्य नैतिकता अनैतिकता बीचको भिन्नतालाई बुझ्न सक्छौं । र यस्तो विधान र निर्देशनहरू मात्र कुरआनमा नै छन्, जुन विधानलाई यस ब्रह्माण्डको विधाताद्वारा नै अवतरण गरिएको छ । र यस विधानको निर्माता त्यो हो जसले हाम्रो निर्माण गरेको छ, यस विधानको स्रष्टा त्यो हो जसले हामीलाई र हाम्रा समस्त अवश्यकतालाई सृष्टि गरेको छ । यसर्थ यसै विधानमाथि निर्भर भई हामी नैतिकतालाई

विस्तार गर्न सक्छौं, र अआफ्ना समाजलाई अनैतिकताको रोगबाट मुक्त गर्न सक्छौं । यसलेगर्दा यस विधानका निर्देशनहरूलाई हेरौं कि अनैतिकतालाई यो कुन दृष्टिले हेर्छ, र अनैतिक कार्य कस कसलाई सिद्ध गर्छ, र नैतिकतातर्फ हामीलाई कसरी आकर्षित गर्छ ।

**नैतिकता र अनैतिकता इस्लामीय दृष्टिकोणमा**

वास्तवमा इस्लामको अर्थात पवित्र कुरआनको सरल र सर्वमान्य दृष्टिकोण छ जसलाई सबैखालका मानव र दानव एवं समस्त प्राणीहरू बुझ्न सक्छन् र सबैका हृदयहरू त्यसलाई स्वीकार पनि गर्छन् । त्यो धारणा र दृष्टिकोण हो: जुन कुराले पनि प्राणीहरूको भलाई र उन्नति गर्छ त्यो नैतिक छ, र यसका विरोधी सबैकुराहरू अनैतिक छन् । र इस्लामले सबै नैतिक कुराहरूलाई ग्राह्य गरेको छ, र यदि एउटै कुरामा लाभ र हानि दुवै तथ्य छन् भने यदि त्यसको हानि लाभ भन्दा अधिक छ भने त्यो कुरा इस्लाममा निषेधित छ हराम छ । तर यदि त्यसको लाभ हानि भन्दा अधिक छ भने त्यो कुरा इस्लाममा जायज र ग्राह्य छ । र यसको सबै भन्दा प्रष्ट उदाहरण मदिरा हो जसमा लाभ र हानि दुवै छन् तर यसको हानि लाभ भन्दा अधिक छ यसैकारण इस्लामले

यसलाई हराम गरेको छ । जसरी कि आफ्नो अन्तिम ग्रन्थ पवित्र कुरआनमा हाम्रो परम् पूज्य अल्लाहको भनाई छ :

﴿ ۞ يَسْـَٔلُونَكَ عَنِ ٱلْخَمْرِ وَٱلْمَيْسِرِ ۖ قُلْ فِيهِمَآ إِثْمٌ
كَبِيرٌ وَمَنَٰفِعُ لِلنَّاسِ وَإِثْمُهُمَآ أَكْبَرُ مِن نَّفْعِهِمَا ۗ
وَيَسْـَٔلُونَكَ مَاذَا يُنفِقُونَ قُلِ ٱلْعَفْوَ ۗ كَذَٰلِكَ يُبَيِّنُ ٱللَّهُ
لَكُمُ ٱلْءَايَٰتِ لَعَلَّكُمْ تَتَفَكَّرُونَ ﴿٢١٩﴾ ﴾ البقرة: ٢١٩

अर्थ : (हे पैगम्बर स.) मानिसहरूले मदिरा र जुवाका कानूनको सम्बन्धमा सोध्छन् । भनिदिनुस् ठूला पाप कर्महरू हुन् र मानिसहरूका लागि यिनबाट केही साँसारिक फाइदा पनि छन्, तर तिनका हानिहरू(पाप) फाइदाभन्दा धेरै ठूला छन् । यो पनि तपाईसित सोध्छन् कि अल्लाहको मार्गमा कुन सम्पति खर्च गरुन् ? तपाई भनिदिनुस् कि (जुन माल) आवश्यकता भन्दा बढी छ । यसप्रकार, अल्लाह आफ्ना आदेशहरू स्पष्ट रूपमा तिम्रो लागि वर्णन गर्दछ ताकि तिमीहरू सम्झने बुझ्ने गर । ( सूरतुल् बकर: २१९ )

त यो एउटा आधार हो जसबाट यो सजिलोसित हाम्रो लागि प्रष्ट भइहाल्छ कि कुन कुरा नैतिकताको सीमामा आउँछ र कुन कुरा यसको

सीमा बाहिर छ अर्थात अनैतिक छ । अब नैतिकता र अनैतिकताको बारेमा विस्तारले इस्लामीय विधानका केही प्रमाणहरूको दर्शन गर्नुस् र हेर्नुस् कसरी इस्लामले नैतिकताका कार्यहरूलाई हलाल र अनैतिकताका कार्यहरूलाई हराम गरेको !

﴿ لَّيْسَ ٱلْبِرَّ أَن تُوَلُّوا۟ وُجُوهَكُمْ قِبَلَ ٱلْمَشْرِقِ وَٱلْمَغْرِبِ وَلَٰكِنَّ ٱلْبِرَّ مَنْ ءَامَنَ بِٱللَّهِ وَٱلْيَوْمِ ٱلْءَاخِرِ وَٱلْمَلَٰٓئِكَةِ وَٱلْكِتَٰبِ وَٱلنَّبِيِّۦنَ وَءَاتَى ٱلْمَالَ عَلَىٰ حُبِّهِۦ ذَوِى ٱلْقُرْبَىٰ وَٱلْيَتَٰمَىٰ وَٱلْمَسَٰكِينَ وَٱبْنَ ٱلسَّبِيلِ وَٱلسَّآئِلِينَ وَفِى ٱلرِّقَابِ وَأَقَامَ ٱلصَّلَوٰةَ وَءَاتَى ٱلزَّكَوٰةَ وَٱلْمُوفُونَ بِعَهْدِهِمْ إِذَا عَٰهَدُوا۟ ۖ وَٱلصَّٰبِرِينَ فِى ٱلْبَأْسَآءِ وَٱلضَّرَّآءِ وَحِينَ ٱلْبَأْسِ ۗ أُو۟لَٰٓئِكَ ٱلَّذِينَ صَدَقُوا۟ ۖ وَأُو۟لَٰٓئِكَ هُمُ ٱلْمُتَّقُونَ ﴿١٧٧﴾ ﴾

البقرة: ١٧٧

अर्थ : तिमीहरू अफनो मुहार पूर्व र पश्चिमतर्फ गर्दैमा कुनै पुण्यकार्य छैन, अपितु असल धर्मी त्यो हो जसले अल्लाह, कयामत, फरिश्ताहरू, अल्लाहको किताब र पैगम्बरहरूमाथि आस्था राख्दछ, र जसले सम्पति प्रतिको मायाको बावजूद (त्यसबाट) नातेदार, अनाथ, निःसहाय,

यात्रु र भिखारी- हरूलाई प्रदान गर्दछ र दासहरूलाई मुक्त गराउनुमा खर्च गर्दछ, र नियमित नमाज पढद्छ र जकात दिन्छ, र दिएको वचन पुरा गर्दछ। गरीबी दु:ख र युद्धको बेला धैर्य राख्दछ । यिनै सच्चा र असल मानिसहरू हुन्। ( सूरतुल् बकर: १७७ )

﴿ وَلَكُمۡ فِي ٱلۡقِصَاصِ حَيَوٰةٞ يَٰٓأُوْلِي ٱلۡأَلۡبَٰبِ لَعَلَّكُمۡ تَتَّقُونَ ١٧٩ ﴾ البقرة: ١٧٩

अर्थ : हे विवेकीहरू! केसासको (आदेश) मा तिम्रो लागि जिन्दगी छ, यसलेगर्दा तिमीहरू (अनाहक हत्याबाट) सुरक्षित रहनेछौ । ( सूरतुल् बकर: १७९ )

﴿ وَأَنفِقُواْ فِي سَبِيلِ ٱللَّهِ وَلَا تُلۡقُواْ بِأَيۡدِيكُمۡ إِلَى ٱلتَّهۡلُكَةِ وَأَحۡسِنُوٓاْۚ إِنَّ ٱللَّهَ يُحِبُّ ٱلۡمُحۡسِنِينَ ١٩٥ ﴾ البقرة: ١٩٥

अर्थ : अल्लाहको मार्गमा खर्च गर र आफैले आफूलाई विनाशमा नपार र सत्कर्म गर नि:सन्देह अल्लाह भलाई गर्नेहरूलाई माया गर्दछ । ( सूरतुल् बकर: १९५ )

﴿ إِن تُبۡدُواْ ٱلصَّدَقَٰتِ فَنِعِمَّا هِيَۖ وَإِن تُخۡفُوهَا وَتُؤۡتُوهَا ٱلۡفُقَرَآءَ فَهُوَ خَيۡرٞ لَّكُمۡۚ وَيُكَفِّرُ عَنكُم

مِّن سَيِّـَٔاتِكُمْۗ وَٱللَّهُ بِمَا تَعْمَلُونَ خَبِيرٌ ﴿٢٧١﴾ ﴾ البقرة: ٢٧١

अर्थ : यदि तिमी दान र सहायता खुला रूपमा दिन्छौ भने पनि राम्रो छ र यदि गोप्य रूपले गरिब असहायलाई दिन्छौ त त्यो तिम्रोलागी झन् राम्रो छ । र तिम्रा पापहरूलाई समाप्त गरिदिन्छ । र अल्लाहलाई तिम्रा सबै क्रियाकलापहरूबारे थाहा छ । ( सूरतुल् बकर: २७१ )

﴿ يَـٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوا۟ لَا تَأْكُلُوٓا۟ أَمْوَٰلَكُم بَيْنَكُم بِٱلْبَـٰطِلِ إِلَّآ أَن تَكُونَ تِجَـٰرَةً عَن تَرَاضٍ مِّنكُمْۚ وَلَا تَقْتُلُوٓا۟ أَنفُسَكُمْۚ إِنَّ ٱللَّهَ كَانَ بِكُمْ رَحِيمًا ﴿٢٩﴾ ﴾ النساء: ٢٩

अर्थ : हे मोमिनहरू ! तिमीहरू आपसमा एक अर्काको सम्पत्ति अनुचित रूपमा नखाऊ । तर आपसी सहमतिले व्यापारको माध्यमबाट लेनदेनमा लाभ जायज हुन्छ, र आफूलाई आफै नमार । यसमा कुनै सन्देह छैन कि अल्लाह तिमीमाथि धेरै कृपालु छ । ( सूरतुन्निसा २९ )

﴿ يَـٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوا۟ لَا تُبْطِلُوا۟ صَدَقَـٰتِكُم بِٱلْمَنِّ وَٱلْأَذَىٰ كَٱلَّذِى يُنفِقُ مَالَهُۥ رِئَآءَ ٱلنَّاسِ وَلَا يُؤْمِنُ بِٱللَّهِ وَٱلْيَوْمِ ٱلْـَٔاخِرِۖ

فَمَثَلُهُۥ كَمَثَلِ صَفۡوَانٍ عَلَيۡهِ تُرَابٞ فَأَصَابَهُۥ وَابِلٞ فَتَرَكَهُۥ
صَلۡدٗاۖ لَّا يَقۡدِرُونَ عَلَىٰ شَيۡءٖ مِّمَّا كَسَبُواْۗ وَٱللَّهُ لَا
يَهۡدِي ٱلۡقَوۡمَ ٱلۡكَٰفِرِينَ ٢٦٤ ﴾ البقرة: ٢٦٤

अर्थ : हे आस्थावानहरू! आफूले गरेको दानलाई अर्कामाथि उपकार दर्शाएर र अरुलाई कष्ट दिएर बर्बाद नगर । जसरी एउटा मानिसले अरु मानिसहरूलाई देखाउनको निम्ति आफ्नो सम्पत्ति खर्च गर्दछ र उसले अल्लाह र आखिरतको दिनमा विश्वास गर्दैन । उसको उदाहरण त्यस सफा ढुँगा जस्तो छ, जसमाथि माटोको पातलो तह जमेको हुन्छ र त्यसमाथि ठूलो वृष्टि भई त्यसलाई एकदम सफा गरिदिन्छ । यी मानिसहरूलाई आफ्ना कर्महरूको प्रतिफल प्राप्त हुनेछैन र अल्लाहले यस्ता कृतघ्नहरूलाई मार्गनिर्देशन गर्दैन । ( सूरतुल् बकर: २६४ )

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ كُونُواْ قَوَّٰمِينَ لِلَّهِ شُهَدَآءَ
بِٱلۡقِسۡطِۖ وَلَا يَجۡرِمَنَّكُمۡ شَنَـَٔانُ قَوۡمٍ عَلَىٰٓ أَلَّا
تَعۡدِلُواْۚ ٱعۡدِلُواْ هُوَ أَقۡرَبُ لِلتَّقۡوَىٰۖ وَٱتَّقُواْ ٱللَّهَۚ إِنَّ ٱللَّهَ
خَبِيرُۢ بِمَا تَعۡمَلُونَ ٨ وَعَدَ ٱللَّهُ ٱلَّذِينَ ءَامَنُواْ

وَعَمِلُوا۟ ٱلصَّٰلِحَٰتِ ۙ لَهُم مَّغْفِرَةٌ وَأَجْرٌ عَظِيمٌ ﴿٩﴾

﴾ المائدة: ٨ - ٩

अर्थ : हे मोमिनहरू ! अल्लाहको निम्ति सत्यमा कायम रहदै, सत्य निष्ठाका साथ साक्षी बन । र कुनै जातिको शत्रुता तिमीलाई न्यायको मार्गबाट बिचलित नगरोस्, उनीहरूसित न्याय गर्ने गर, किनभने यही नै संयमको नजीक हुन्छ, र अल्लाहसित डर । विश्वास गर कि अल्लाहलाई तिम्रा सम्पूर्ण क्रियाकलापहरू बारे राम्ररी थाहा छ । जुन मानिसहरू ईमान ल्याउँछन् र असल कर्म गर्दछन्, तिनीहरूका लागि मुक्ति र ठूलो पुरस्कार प्रदान गर्ने अल्लाहको वाचा छ । ( सूरतुल् माइदा ८,९ )

﴿ وَٱلسَّارِقُ وَٱلسَّارِقَةُ فَٱقْطَعُوٓا۟ أَيْدِيَهُمَا جَزَآءًۢ بِمَا كَسَبَا نَكَٰلًا مِّنَ ٱللَّهِ ۗ وَٱللَّهُ عَزِيزٌ حَكِيمٌ ﴿٣٨﴾ ﴾ المائدة: ٣٨

अर्थ : र जसले चोरी गर्दछ, चाहे त्यो पुरुष होस् अथवा स्त्री, तिनीहरूको हात काटिहाल । यो तिनीहरूको कर्मको सजाय र अल्लाहबाट एउटा पाठ हो र अल्लाह सर्वशक्तिमान र तत्वदर्शी छ । ( सूरतुल् माइदा ३८ )

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِنَّمَا ٱلۡخَمۡرُ وَٱلۡمَيۡسِرُ وَٱلۡأَنصَابُ وَٱلۡأَزۡلَٰمُ
رِجۡسٞ مِّنۡ عَمَلِ ٱلشَّيۡطَٰنِ فَٱجۡتَنِبُوهُ لَعَلَّكُمۡ تُفۡلِحُونَ ﴿٩٠﴾ إِنَّمَا
يُرِيدُ ٱلشَّيۡطَٰنُ أَن يُوقِعَ بَيۡنَكُمُ ٱلۡعَدَٰوَةَ وَٱلۡبَغۡضَآءَ فِي ٱلۡخَمۡرِ
وَٱلۡمَيۡسِرِ وَيَصُدَّكُمۡ عَن ذِكۡرِ ٱللَّهِ وَعَنِ ٱلصَّلَوٰةِۖ فَهَلۡ أَنتُم مُّنتَهُونَ
﴿٩١﴾ ﴾ المائدة: ٩٠ - ٩١

अर्थ : हे इमानवालाहरू ! मदिरा, जुआ बलिस्थान र शगुण पासा यी सबै अपवित्र र शैतानी कुराहरूमध्येका हुन् तसर्थ यिनीबाट टाढा रहनु ताकि मुक्ति प्राप्त गर्न सक । शैतान त यो चाहन्छ कि रक्सी र जुआको माध्यमबाट तिमीहरू बीच शत्रुता र बैरभावको सृजना गरिहालोस् र तिमीलाई अल्लाहको स्मरण र नमाजबाट रोकिदेओस् । यसकारण अहिले पनि ( यी कर्महरूबाट) अलग रहने गर । ( सूरतुल् माइदा ९०,९१ )

﴿ خُذِ ٱلۡعَفۡوَ وَأۡمُرۡ بِٱلۡعُرۡفِ وَأَعۡرِضۡ عَنِ ٱلۡجَٰهِلِينَ ﴿١٩٩﴾

﴾ الأعراف: ١٩٩

अर्थ : तपाई क्षमाको नीति अपनाउनुस्, र असल कामको उपदेश दिदै गर्नुस् र अज्ञानीहरूबाट टाढा बस्नुस् । ( सूरतुल् अअ्राफ १९९ )

﴿ ۞ قُلۡ تَعَالَوۡاْ أَتۡلُ مَا حَرَّمَ رَبُّكُمۡ عَلَيۡكُمۡۖ أَلَّا تُشۡرِكُواْ بِهِۦ شَيۡـٔٗاۖ وَبِٱلۡوَٰلِدَيۡنِ إِحۡسَٰنٗاۖ وَلَا تَقۡتُلُوٓاْ أَوۡلَٰدَكُم مِّنۡ إِمۡلَٰقٖ نَّحۡنُ نَرۡزُقُكُمۡ وَإِيَّاهُمۡۖ وَلَا تَقۡرَبُواْ ٱلۡفَوَٰحِشَ مَا ظَهَرَ مِنۡهَا وَمَا بَطَنَۖ وَلَا تَقۡتُلُواْ ٱلنَّفۡسَ ٱلَّتِي حَرَّمَ ٱللَّهُ إِلَّا بِٱلۡحَقِّۚ ذَٰلِكُمۡ وَصَّىٰكُم بِهِۦ لَعَلَّكُمۡ تَعۡقِلُونَ ١٥١ ﴾ الأنعام: ١٥١

अर्थ : (हे नबी) भन्नुस् कि (हे मानिसहरू !) आऔ मैले तिमीहरूलाई ती कुरा सुनाउँछु जस्को (विरोध गर्न) तिम्रो पालनकर्ताले तिम्रो लागि रोक लगाएको छ, ती यी हुन् कि कुनै कुरालाई अल्लाहसँग नदाँज्नु (साझेदार नबाउनु) र आमा-बुवासँग राम्रो व्यवहार गर्नु र दरिद्राताको भयले आफ्नो सन्तानहरूलाई नमार्नु । (किनभने) तिमीलाई र उनलाई हामीले नै जीविका प्रदान गर्दछौं, र हरेक प्रकारको निर्लज्ज कुराको नजिक नजानु, खुल्ला रूपमा होस् वा गोप्य रूपमा । र जुन प्राणीको ज्यान मार्न अल्लाहले रोक लगाएको छ, उसको ज्यान नलिनु । तर यस नियमको पालनमा हक-इन्साफको निम्ति गरिएका बाहेक । यी कुराहरूको पालनको लागि

अल्लाहले तिमीलाई सचेत गरेको छ, कि तिमी सम्झ । ( सूरतुल् अन्आम १५१ )

﴿ وَلَا تُصَعِّرْ خَدَّكَ لِلنَّاسِ وَلَا تَمْشِ فِي ٱلْأَرْضِ مَرَحًاۖ إِنَّ ٱللَّهَ لَا يُحِبُّ كُلَّ مُخْتَالٖ فَخُورٖ ١٨ ﴾ لقمان: ١٨

अर्थ : मानिसहरू सम्मुख मुख नफुलाऊ र धरतीमा अहंकार गरी नहिंडनु । निश्चय नै अल्लाहले कुनै अहंकारी र घमण्डीलाई रुचाउँदैन । ( सूरतु लुकमान १८ )

﴿ لَّقَدْ كَانَ لَكُمْ فِي رَسُولِ ٱللَّهِ أُسْوَةٌ حَسَنَةٞ لِّمَن كَانَ يَرْجُواْ ٱللَّهَ وَٱلْيَوْمَ ٱلْآخِرَ وَذَكَرَ ٱللَّهَ كَثِيرٗا ٢١ ﴾ الأحزاب: ٢١

अर्थ : नि:सन्देह तिम्रो निम्ति अल्लाहको रसूलमा एउटा उत्तम आदर्श छ, प्रत्येक त्यस व्यक्तिको लागि जसले अल्लाह र अन्तिम दिनको आशा राख्दछ, र अल्लाहलाई अधिक स्मरण गर्दछ । ( सूरतुल् अहजाब २१ )

﴿ خُذْ مِنْ أَمْوَٰلِهِمْ صَدَقَةٗ تُطَهِّرُهُمْ وَتُزَكِّيهِم بِهَا وَصَلِّ عَلَيْهِمْۖ إِنَّ صَلَوٰتَكَ سَكَنٞ لَّهُمْۗ وَٱللَّهُ سَمِيعٌ عَلِيمٌ ١٠٣ ﴾ التوبة: ١٠٣

अर्थ : तिनीहरूको सम्पत्तिबाट तपाईंले सदका ( दान) लिनुस् जसबाट तिनीहरूलाई तपाईंले शुद्ध

र पवित्र गरिदिनुस् र तिनीहरूका लागि प्रार्थना गर्नुस्, नि:सन्देह तपाईंको प्रार्थना तिनीहरूको सन्तुष्टिको श्रोत हो र अल्लाह धेरै सुन्नेवाला र जान्नेवाला छ । (सूरतुत्तौबा १०३)

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِنَّ كَثِيرًا مِّنَ ٱلۡأَحۡبَارِ
وَٱلرُّهۡبَانِ لَيَأۡكُلُونَ أَمۡوَٰلَ ٱلنَّاسِ بِٱلۡبَٰطِلِ وَيَصُدُّونَ
عَن سَبِيلِ ٱللَّهِۗ وَٱلَّذِينَ يَكۡنِزُونَ ٱلذَّهَبَ وَٱلۡفِضَّةَ
وَلَا يُنفِقُونَهَا فِي سَبِيلِ ٱللَّهِ فَبَشِّرۡهُم بِعَذَابٍ أَلِيمٖ ٣٤ ﴾

التوبة: ٣٤

अर्थ : हे ईमानवालाहरू ! नि:सन्देह अनेक धर्मज्ञाता र उपासकहरू यस्ता छन्, जसले मानिसहरूको माल अनुचित रूपमा खान्दछन्, र अल्लाहको मार्गबाट रोक्दछन्, र जसले सुन चाँदीका खजाना (एकत्र) गरिराख्दछन् । र अल्लाहको मार्गमा खर्च गर्दैनन्, त उनीहरूलाई कष्टदायक यातनाको समाचार पुऱ्याइदिनुस् । ( सूरतुत्तौबा ३४ )

﴿ وَقَضَىٰ رَبُّكَ أَلَّا تَعۡبُدُوٓاْ إِلَّآ إِيَّاهُ وَبِٱلۡوَٰلِدَيۡنِ إِحۡسَٰنًاۚ إِمَّا
يَبۡلُغَنَّ عِندَكَ ٱلۡكِبَرَ أَحَدُهُمَآ أَوۡ كِلَاهُمَا فَلَا تَقُل لَّهُمَآ أُفّٖ
وَلَا تَنۡهَرۡهُمَا وَقُل لَّهُمَا قَوۡلٗا كَرِيمٗا ٢٣ وَٱخۡفِضۡ لَهُمَا

جَنَاحَ ٱلذُّلِّ مِنَ ٱلرَّحْمَةِ وَقُل رَّبِّ ٱرْحَمْهُمَا كَمَا رَبَّيَانِى صَغِيرًا
﴿٢٤﴾ رَّبُّكُمْ أَعْلَمُ بِمَا فِى نُفُوسِكُمْ ۚ إِن تَكُونُوا۟ صَٰلِحِينَ فَإِنَّهُۥ
كَانَ لِلْأَوَّٰبِينَ غَفُورًا ﴿٢٥﴾ ﴾ الإسراء: ٢٣ - ٢٥

अर्थ : र तिम्रो पालनकर्ताले स्पष्ट आदेश गरेको छ कि ऊ बाहेक तिमी कसैको पूजा नगर र आमा-बाबुको साथमा नम्र व्यवहार गर्दै गर यदि तिनीहरूमध्ये एउटा वा दुवै तिम्रो अगाडि वृद्ध अवस्थामा पुग्छन् भने तिनीहरूलाई तिरस्कृत नगर्नु नहप्काउनु अपितु तिनीहरूसँग सम्मानपूर्वक मर्यादित ढंगले कुराकानी गर्नु । र विनम्रतापूर्वक प्यारका साथ तिनीहरूको अगाडि सुशील भइराख र तिनीहरूको निम्ति प्रार्थना गर्ने गर: कि हे पालकर्ता जुन प्रकार कि तिनीहरूले मलाई बाल्यावस्थामा (मायाँले) पालन-पोषण गरेका छन्, तिमीले पनि तिनीहरूमाथि त्यस्तै दया गर । जे जति तिम्रो हृदयहरूमा छ, तिम्रो पालनकर्ताले त्यसलाई राम्ररी जान्दछ । यदि तिमी असल कर्म गर्दछौ भने उसले त्यसतिर प्रवृत्त हुनेहरूलाई क्षमा गरिदिनेछ । ( सूरतुल् इस्रा २३-२५ )

﴿ وَلَا تَقۡرَبُواْ ٱلزِّنَىٰٓۖ إِنَّهُۥ كَانَ فَٰحِشَةٗ وَسَآءَ سَبِيلٗا ﴿٣٢﴾

﴾ الإسراء: ٣٢

अर्थ : खबरदार व्यभिचारतिर कदापि नलाग, किनभने त्यो ठूलो निर्लज्जता र धेरै नराम्रो बाटो हो । ( सूरतुल् इस्रा ३२ )

﴿ وَنُنَزِّلُ مِنَ ٱلۡقُرۡءَانِ مَا هُوَ شِفَآءٞ وَرَحۡمَةٞ لِّلۡمُؤۡمِنِينَ وَلَا

يَزِيدُ ٱلظَّٰلِمِينَ إِلَّا خَسَارٗا ﴿٨٢﴾ ﴾ الإسراء: ٨٢

अर्थ : यो कुरआन जुन हामी उतार्दैछौं मोमिनहरूका लागि स्वस्थकर र दया हो, र अत्याचारीहरूका लागि त यसबाट हानिमा नै वृद्धि हुनेछ । ( सूरतुल् इस्रा ८२ )

﴿ ٱلزَّانِيَةُ وَٱلزَّانِي فَٱجۡلِدُواْ كُلَّ وَٰحِدٖ مِّنۡهُمَا مِاْئَةَ جَلۡدَةٖۖ وَلَا تَأۡخُذۡكُم

بِهِمَا رَأۡفَةٞ فِي دِينِ ٱللَّهِ إِن كُنتُمۡ تُؤۡمِنُونَ بِٱللَّهِ وَٱلۡيَوۡمِ ٱلۡأٓخِرِۖ

وَلۡيَشۡهَدۡ عَذَابَهُمَا طَآئِفَةٞ مِّنَ ٱلۡمُؤۡمِنِينَ ﴿٢﴾ ٱلزَّانِي لَا يَنكِحُ إِلَّا

زَانِيَةً أَوۡ مُشۡرِكَةٗ وَٱلزَّانِيَةُ لَا يَنكِحُهَآ إِلَّا زَانٍ أَوۡ مُشۡرِكٞۚ وَحُرِّمَ

ذَٰلِكَ عَلَى ٱلۡمُؤۡمِنِينَ ﴿٣﴾ وَٱلَّذِينَ يَرۡمُونَ ٱلۡمُحۡصَنَٰتِ ثُمَّ لَمۡ يَأۡتُواْ

بِأَرْبَعَةِ شُهَدَآءَ فَٱجْلِدُوهُمْ ثَمَٰنِينَ جَلْدَةً وَلَا تَقْبَلُوا۟ لَهُمْ شَهَٰدَةً أَبَدًا ۚ
وَأُو۟لَٰٓئِكَ هُمُ ٱلْفَٰسِقُونَ ﴿٤﴾ النور: ٢ - ٤

अर्थ : व्यभिचारिणी र व्यभिचारी, स्त्री, पुरुष यी दुवैलाई सय-सय कोर्रा हान र अल्लाहको धर्मको विषयमा तिमीलाई दया नआओस् यदि तिमी अल्लाह र अन्तिम दिनलाई मान्दछौ, र उनीहरूलाई दण्ड दिने बेलामा मुस्लिमहरूको एक समूह त्यहाँ उपस्थित हुनुपर्छ। व्यभिचारी मानिस कुनै व्यभिचारिणी वा बहुदेववादी (मुश्रिक) स्त्रीसित नै विवाहको सम्बन्ध जोड्दछ, र यसैप्रकार व्यभिचारिणी स्त्री कुनै व्यभिचारी वा बहुदेववादी पुरुषसंग मात्र आफ्नो विवाहका सम्बन्ध जोड्दछे, र मोमिनहरूका लागि यी दुवै हराम गरिदिइएका छन्। र जुन मानिसहरूले सच्चरित्र र पवित्र स्त्रीहरू माथि व्यभिचारको दोषारोपण गर्दछन् अनि चारजना साक्षीहरू जुटाउन सक्दैनन् भने उनीहरूलाई अस्सी कोर्रा हान, र उनीहरूलाई साक्षीको रूपमा कहिल्यै स्वीकार नगर, तिनै हुन् जो अवज्ञाकारी छन्। (सूरतुन्नूर २-४ )

﴿ ۞ إِنَّ ٱللَّهَ يَأۡمُرُ بِٱلۡعَدۡلِ وَٱلۡإِحۡسَٰنِ وَإِيتَآيِٕ ذِي
ٱلۡقُرۡبَىٰ وَيَنۡهَىٰ عَنِ ٱلۡفَحۡشَآءِ وَٱلۡمُنكَرِ وَٱلۡبَغۡيِۚ
يَعِظُكُمۡ لَعَلَّكُمۡ تَذَكَّرُونَ ٩٠ ﴾ النحل: ٩٠

अर्थ : अल्लाहले तिमीलाई न्याय र भलाई गर्न र नजिकका मानिसहरूलाई सहायता दिने आदेश गर्दछ र अमर्यादित र अनुचित कर्महरूबाट र अन्याय र नराम्रा काम गर्नबाट मनाही गर्दछ उसले स्वयम् तिमीलाई निर्देशित गर्दछ कि तिमीले उपदेश ग्रहण गर । ( सूरतुन्नहल ९० )

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ لَا يَسۡخَرۡ قَوۡمٞ مِّن قَوۡمٍ عَسَىٰٓ أَن يَكُونُواْ
خَيۡرٗا مِّنۡهُمۡ وَلَا نِسَآءٞ مِّن نِّسَآءٍ عَسَىٰٓ أَن يَكُنَّ خَيۡرٗا مِّنۡهُنَّۖ وَلَا
تَلۡمِزُوٓاْ أَنفُسَكُمۡ وَلَا تَنَابَزُواْ بِٱلۡأَلۡقَٰبِۖ بِئۡسَ ٱلِٱسۡمُ ٱلۡفُسُوقُ
بَعۡدَ ٱلۡإِيمَٰنِۚ وَمَن لَّمۡ يَتُبۡ فَأُوْلَٰٓئِكَ هُمُ ٱلظَّٰلِمُونَ ١١ يَٰٓأَيُّهَا
ٱلَّذِينَ ءَامَنُواْ ٱجۡتَنِبُواْ كَثِيرٗا مِّنَ ٱلظَّنِّ إِنَّ بَعۡضَ ٱلظَّنِّ إِثۡمٞۖ وَلَا
تَجَسَّسُواْ وَلَا يَغۡتَب بَّعۡضُكُم بَعۡضًاۚ أَيُحِبُّ أَحَدُكُمۡ أَن
يَأۡكُلَ لَحۡمَ أَخِيهِ مَيۡتٗا فَكَرِهۡتُمُوهُۚ وَٱتَّقُواْ ٱللَّهَۚ إِنَّ ٱللَّهَ تَوَّابٞ
رَّحِيمٞ ١٢ ﴾ الحجرات: ١١ - ١٢

अर्थ : हे मोमिनहरू ! पुरुषहरूले अर्को पुरुषको उपहास नगरोस्। सम्भव छ कि उनीहरू तिनीहरूभन्दा राम्रा होऊन् र स्त्रीहरूले अर्को स्त्रीको (हाँसो) नगरुन्, सम्भव छ कि उनीहरू तिनीहरूभन्दा राम्रा होऊन् र आपसमा एक अर्कालाई आक्षेप नगर न नराम्रो उपाधिले नै सम्बोधन गर ईमान ल्याइसकेपछि नराम्रो नामाकरण गर्नु पाप हो। (यसबाट) जसले प्रायश्चित गर्दैन, उनीहरू अत्याचारी हुन्। हे ईमानवालाहरू ! धेरै शंका उपशंका गर्नुबाट बच। किन भने केही शंका पाप हुन्छन् र एक अर्काको जासूसी नगर, र नत कसैको अनुपस्थितिमा निन्दा गर्नु। के तिमीहरूमध्ये कसैले आफ्नो मृतक भाइको मासु खान चाहन्छ ? यसलाई तिमीले अवश्य नै घृणा गर्ने छौ। (तसर्थ) अल्लाहसित डर मान्ने गर। निश्चय नै अल्लाह प्रायश्चित स्वीकार गर्नेवाला, अत्यन्त दयावान छ। ( सूरतुल् हुजुरात ११,१२ )

﴿ وَفِيٓ أَمۡوَٰلِهِمۡ حَقّٞ لِّلسَّآئِلِ وَٱلۡمَحۡرُومِ ١٩ ﴾ الذاريات: ١٩

अर्थ : र उनको सम्पत्तिमा माँग्नेवाला र निर्धनहरूको हक् छ। (सूरतुज्जारियात १९)

﴿ ءَامِنُواْ بِٱللَّهِ وَرَسُولِهِۦ وَأَنفِقُواْ مِمَّا جَعَلَكُم مُّسۡتَخۡلَفِينَ
فِيهِۖ فَٱلَّذِينَ ءَامَنُواْ مِنكُمۡ وَأَنفَقُواْ لَهُمۡ أَجۡرٞ كَبِيرٞ ٧ ﴾ الحديد: ٧

अर्थ : अल्लाह र उसका रसूलमाथि ईमान ल्याऊ र जुन मालसामानमा उसले तिमीलाई अरुहरूको उत्तराधिकारी बनाएको छ त्यसमध्येबाट खर्च गर । त तिमीहरू मध्ये जसले ईमान ल्याए र खर्च (दान) गरिरहे उनीहरूको निम्ति ठूलो प्रतिफल छ । ( सूरतुल् हदीद ७ )

﴿ لَّا يَنۡهَىٰكُمُ ٱللَّهُ عَنِ ٱلَّذِينَ لَمۡ يُقَٰتِلُوكُمۡ فِي ٱلدِّينِ وَلَمۡ يُخۡرِجُوكُم
مِّن دِيَٰرِكُمۡ أَن تَبَرُّوهُمۡ وَتُقۡسِطُوٓاْ إِلَيۡهِمۡۚ إِنَّ ٱللَّهَ يُحِبُّ ٱلۡمُقۡسِطِينَ
٨ إِنَّمَا يَنۡهَىٰكُمُ ٱللَّهُ عَنِ ٱلَّذِينَ قَٰتَلُوكُمۡ فِي ٱلدِّينِ وَأَخۡرَجُوكُم
مِّن دِيَٰرِكُمۡ وَظَٰهَرُواْ عَلَىٰٓ إِخۡرَاجِكُمۡ أَن تَوَلَّوۡهُمۡۚ وَمَن يَتَوَلَّهُمۡ فَأُوْلَٰٓئِكَ
هُمُ ٱلظَّٰلِمُونَ ٩ ﴾ الممتحنة: ٨ - ٩

अर्थ : जुन मानिसहरूले तिमीसित धर्मको बारेमा युद्ध गरेनन् र न तिमीलाई तिम्रा घरहरूबाट निष्कासित गरे, उनीहरूसँग राम्रो र न्यायपूर्ण व्यवहार गर्नुबाट अल्लाहले तिमीलाई मनाहि गर्दैन । अपितु अल्लाहले त न्याय गर्नेहरूसँग प्रेम गर्दछ । अल्लाहले ती मानिसहरूसँग मात्र

तिमीलाई मित्रता गर्नुबाट मनाही गर्दछ, जसले तिमीसित धर्मको बारेमा लडाई गरे, र तिमीलाई तिम्रा घरहरूबाट निष्कासित गरे र तिम्रो निष्काशनमा अरुको सहायता गरे । तसर्थ जुन मानिसहरूले यस्ता मानिसहरूसँग मित्रता गर्छन्, तिनै अत्याचारी हुन् । ( सूरतुल् मुम्तहिना ८,९ )

र यस जस्ता अरु कुरआनका धेरै श्लोकहरू छन् जुन नैतिकताको आदेश गर्छन् र अनैतिकताबाट रोक्छन् । र यस्तै हदीसहरूमा पनि यसको बारेमा प्रमाणहरू हेर्नुस् !

□ हदीसमा वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोधियो कि : " सबैभन्दा सर्वोत्तम कार्य कुन हो ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: नैतिकता " । ( अत्तरगीब वत्तरहीब )

□ हदीसमा वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोधियो कि : " भक्तलाई सबैभन्दा राम्रो कुन वस्तु प्रदान गरिएको छ ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: सुव्यवहार " । ( इब्ने माजा, मुसन्नफ इब्ने अबि शैबा )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ : " त्यो व्यक्ति कदापि मुसलमान हुन्सक्दैन जसको जिब्रो र हातको कष्टबाट अरु मुसलमानहरू असुरक्षित रहुन् " । ( बुखारी, मुस्लिम )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " त्यो कदापि मुसलमान हुन्सक्दैन जुन कपटी होस्, कसैमाथि दोषारोपण गरोस् र गाली गरोस् " । ( अहमद, मुस्तदरक हाकिम, मज्मउज्जवाइद वमंबउल् फवाइद )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ : " सबैभन्दा नराम्रो मान्छे त्यो हो जुन आर्कोलाई घृणाको दृष्टिले हेरोस् " । ( मुस्लिम )

□ र दानमाथि प्रोत्साहित गर्दै रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ : " सात प्रकारका यस्ता मान्छेहरू छन् जिनलाई अल्लाह महाप्रलयको दिन आफ्नो सिँहासनको छायामुनि स्थान प्रदान गर्नेछन् जस दिन यस बाहेक अरु कुनै छहारी हुँदैन, त्यस भाग्यवान मध्ये एउटा त्यो मान्छे हो जसले यस तरिकाले दान गऱ्यो कि त्यसको देब्रे हातलाई पनि यो थाहा नहोस्

कि दायाँ हातले के खर्च गरेको छ " । ( बुखारी, मुस्लिम )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ : " सत्यलाई सुदृढताको साथ समातिराख " । ( मुस्लिम )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " झुटबाट बच किनकि झुट कुकर्मतर्फ आकर्षित गर्छ " ( मुसन्नफ इब्ने अबि शैबा, अबू दाऊद )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " लज्जा र आस्था दुवै साथी हुन् जब एउटा जान्छ त दोस्रो पनि गइहाल्छ " । ( मुस्तदरक हाकिम )

□ जब रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोधियो कि: " धर्म के हो ? उहाँले भन्नु भयो: नैतिकता नै धर्म हो " । ( मुस्नद अबू यअ्ला, अत्तरगीब वत्तरहीब, मजमउज्जवाइद वमम्बउल् फवाइद )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " मान्छे आफ्नो अनैतिकताको कारण नर्कको तल्लो सतहसम्म पुगिहाल्छ " । ( अत्तब्रानी )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " त्यस जातको शपथ जसको हातमा मेरो ज्यान छ नैतिकवान बाहेक कोही स्वर्गमा प्रवेश पाउँदैन " । ( दलाइलुन्नबूआ लिल् बैहकी, शअ्बुल् ईमान लिल् बैहकी )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " त्यो मोमिन (आस्थावान) हुनैसक्दैन जसको कष्टबाट त्यसका छिमेकीहरू सुरक्षित नरहुन् " । ( बुखारी, मुस्लिम )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " जब मासु पकाऊ त झोल अधिकगरेर पकाऊ, ताकि छरछिमेकीलाई पनि पुगोस् " । र एउटा रिवायतमा छ : " मोमिन त्यो होइन जुन पेटभरी खाओस् र त्यसका छिमेकका मानिसहरू भोकै रहुन् " ( अत्तब्रानी, मुस्नद अबू यअ्ला, मज्मउज्जवाइद वमम्बउल् फवाइद )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " सत्यवान व्यापारी कदापि निर्धन हुँदैन " । ( कन्जुल् उम्माल, मदारेजुस्सालेकीन, तर यो हदीस जईफ छ )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " मुनाफिक (कपटी) का तीन लक्षणहरू छन्: जब त्यो कुरा गर्छ त झुट बोल्छ, जब

अटोट गर्छ त त्यसलाई भंग गरिदिन्छ, जब त्यससित नासो राखिन्छ त बेइमानी गर्छ " । ( मुस्लिम )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " जुन मान्छेमा धरोहरता छैन त्यो आस्थावान (मोमिन) होइन " । ( मुस्नद अहमद )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " जसले विश्वासघात गर्‍यो त्यो हामी मध्येको होइन " । ( मुस्लिम मुस्नद अहमद )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " जसले कसैको धन हनन् गर्‍यो त्यो हामी मध्येको होइन " । ( इब्ने माजा )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " त्यस मान्छेमाथि धिक्कार छ जसले कुनै अटोट गर्छ अनि त्यसलाई पूर्ण गर्दैन " । ( तब्रानी फिल् अव्सत वस्सगीर )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " जुन मान्छे तिमीसित विश्वासघात गरोस् त्यससित पनि विश्वासघात नगर " । ( तिर्मिजी, अबू दाऊद, सुनने दारमी, मुस्तदरक हाकिम )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " अल्लाह कृपालु छ र कृपालाई मनपराउँछ " । ( मुस्लिम )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " सबैभन्दा श्रेष्ठ आस्थावान त्यो हो जुन सचरित्रवान होस्, र सबैभन्दा राम्रो मान्छे त्यो हो जुन आफ्नो स्वास्नी निकट राम्रो होस् " । ( तिर्मिजी, मुस्तदरक हाकिम )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " अल्लाहसित डर मान र आफ्ना छोराछोरी बीच न्याय गर " । ( बुखारी )

□ जब रसूल सल्लल्लाहो अलैहे वसल्लमसित प्रश्न गरियो कि: " स्वर्गमा प्रवेश पाउनेहरू सबैभन्दा अधिक के हुन ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: अल्लाहसित डर मान्नेहरू र सुव्यवहार गर्नेहरू " । ( तिर्मिजी )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " प्रत्येक नशीलो पदार्थ मदिरा हो, र प्रत्येक नशीलो पदार्थ हराम छ " । (मुस्लिम)

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " कृपावानहरू माथि अल्लाह कृपा गर्छ, जसले धरतीमा बस्नेहरू माथि दया गर्छ त

त्यसमाथि त्यो दया गर्छ जुन आकाशमा छ " । ( अहमद )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " जुन मान्छे दया गर्दैन त्यसमाथि पनि दया गरिदैन " । ( मुस्लिम )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " न्याय गर्नेहरू प्रलयमो दिन ठूलठूला आसनमा अल्लाहको दायाँतर्फ विराजमान हुनेछन् " । ( अहमद )

यो त मैले मात्र उदाहरणको लागि पताईहरू समक्ष केही श्लोकहरूको अर्थ राखेको छु नत्र इस्लाममा जति पनि निर्देशन छन् ती सप्पै नैतिकताको आदेश गर्छन् र अनैतिकताबाट रोक्छन् । त यसबाट के प्रष्ट हुन्छ भने इस्लाम नै त्यो विश्वव्यापी धर्म र विश्वव्यापी विधान हो जसलाई लागू गरेर हामी आफ्नो देश र समाजको कल्याण गर्न सक्छौं र सबैलाई नैतिकतातर्फ आमन्त्रित गर्न सक्छौं ।

र आर्को कुरो के छ भने इस्लाम धर्म ल्याउने अन्तिम सनदेष्टा स्वयम् सर्वश्रेष्ठ नैतिकवान थिए र पूर्ण विशवको लागि आदर्श थिए । अल्लाहको फर्मान छ :

﴿ وَمَآ أَرۡسَلۡنَٰكَ إِلَّا رَحۡمَةٗ لِّلۡعَٰلَمِينَ ١٠٧ ﴾ الأنبياء: ١٠٧

अर्थ : र (हे मोहम्मद स.अ. !) हामीले तपाईलाई सम्पूर्ण जगतको निम्ति सर्वथा दयाको प्रतीक बनाएर पठाएका छौं । ( सूरतुल् अम्बिया १०७ )

﴿ لَّقَدۡ كَانَ لَكُمۡ فِي رَسُولِ ٱللَّهِ أُسۡوَةٌ حَسَنَةٞ لِّمَن كَانَ يَرۡجُواْ ٱللَّهَ وَٱلۡيَوۡمَ ٱلۡأٓخِرَ وَذَكَرَ ٱللَّهَ كَثِيرٗا ٢١ ﴾ الأحزاب: ٢١

अर्थ : निःसन्देह तिम्रो निम्ति अल्लाहको रसूलमा एउटा उत्तम आदर्श छ, प्रत्येक त्यस व्यक्तिको लागि जसले अल्लाह र अन्तिम दिनको आशा राख्दछ, र अल्लाहलाई अधिक स्मरण गर्दछ । ( सूरतुल् अहजाब २१ )

﴿ وَإِنَّكَ لَعَلَىٰ خُلُقٍ عَظِيمٖ ٤ ﴾ القلم: ٤

अर्थ : निःसन्देह तपाई उच्च आचरणवाला हुनु हुन्छ । ( सूरतुल् कलम ४ )

र हदीसमा वर्णन छ : " हजरत आइशा रजिअल्लाहो अन्हा वर्णन गर्नुहुन्छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमको आचरण पूर्णतः कुरआनमाथि निर्भर थियो " । ( मुस्लिम )

र आर्को हदीसमा छ : " रसूल सल्लल्लाहो अलैहे वसल्लम सबैभन्दा राम्रो हुनुहन्थ्यो । र सबैभन्दा

दयावान हुनुहुन्थ्यो, र सबैभन्दा वीर हुनुहुन्थ्यो ” । ( मुस्लिम )

र आर्को हदीसमा छ : “ उहाँ सल्लल्लाहो अलैहे वसल्लमसित जे पनि र जसले पनि माँग्थ्यो उहाँले कदापि त्यसलाई मनाही गर्दैन्थे बरु त्यस माँग्ने व्यक्तिलाई त्यो अवश्य प्रदान गर्नुहुन्थ्यो ” । ( मुस्लिम )

त यस्ता प्रमाणहरूबाट इस्लामीय शास्त्रका ग्रन्थहरू पूरिएका छन् त्यसको अध्ययन अवश्य गर्नुस् र मुसलमानहरूलाई अल्लाहले यो आदेश गरेका छन् कि उनी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई आदर्श बनाई अआफ्ना जीवन व्यतीत गरुन् । जस्तोकि अल्लाहको भनाई छ :

﴿ لَّقَدۡ كَانَ لَكُمۡ فِي رَسُولِ ٱللَّهِ أُسۡوَةٌ حَسَنَةٞ لِّمَن كَانَ يَرۡجُواْ ٱللَّهَ وَٱلۡيَوۡمَ ٱلۡأٓخِرَ وَذَكَرَ ٱللَّهَ كَثِيرٗا ٢١ ﴾ الأحزاب: ٢١

अर्थ : निःसन्देह तिम्रो निम्ति अल्लाहको रसूलमा एउटा उत्तम आदर्श छ, प्रत्येक त्यस व्यक्तिको लागि जसले अल्लाह र अन्तिम दिनको आशा राख्दछ, र अल्लाहलाई अधिक स्मरण गर्दछ । ( सूरतुल् अहजाब २१ )

त उहाँ सल्लल्लाहो अलैहे वसल्लम यस संसारको लागि दयाका प्रतीक र सर्वथा दया नै थिए अल्लाहको फर्मान छ :

﴿ وَمَآ أَرۡسَلۡنَٰكَ إِلَّا رَحۡمَةٗ لِّلۡعَٰلَمِينَ ١٠٧ ﴾ الأنبياء: ١٠٧

अर्थ : र (हे मोहम्मद स.अ. !) हामीले तपाईलाई सम्पूर्ण जगतको निम्ति सर्वथा दयाको प्रतीक बनाएर पठाएका छौं । ( सूरतुल् अम्बिया १०७ ) र उहाँ सल्लल्लाहो अलैहे वसल्लम के दूत बनाउनु भन्दा अघि वा त्यसभन्दा पछि नैतिकता विरुद्ध एउटा पनि कार्य गरेनन् उहाँ सल्लल्लाहो अलैहे वसल्लम जस्तो यो संसारभरीमा कुनै आर्को मान्छे मिल्नु दुर्लभ छ । र उनको विशेषताको वर्णन गर्दै हजरत अली रजिअल्लाहो अन्हो भन्नुहुन्छ: " उहाँ सल्लल्लाहो अलैहे वसल्लम सबैभन्दा अधिक दानी थिए, सबैभन्दा स्वच्छ हृदयका मान्छे थिए, र सबैभन्दा सत्यनिष्ठ थिए, सबैभन्दा अधिक धरोहर थिए, सबैभन्दा कोमल स्वरवाला थिए, सबैभन्दा सुव्यवहारी थिए, निर्लज्जताबाट सबैभन्दा टाढा रहनेवाला थिए, ठूलो स्वरमा कुरा गर्दैनथे, र उहाँलाई दु:ख र कष्ट पुऱ्याउने मान्छेलाई पनि क्षमा गरिदिन्थे, उहाँले कसैलाई पनि आफ्नो हातले हान्नु भएन मात्र धर्मयुद्ध बाहेक, र कहिले पनि आफ्नो

नौकरलाई हानेनन् नत कुनै महिलालाई ” । ( अस्सीरतुन्नबवीयह लेखक अबुल् हसन अन्नदवी )

त उहाँ सल्लल्लाहो अलैहे वसल्लम प्रत्येक क्षेत्रमा आदर्श थिए, उहाँ सल्लल्लाहो अलैहे वसल्लमले जे जे गर्नु भएछ त्यो कुनै एउटै मान्छेमा उपलब्ध हुनु दुर्लभ छ । यदि उहाँका विशेषताहरूलाई लेखियोस् भने एउटा ठूलो पुस्तक तयार भइहाल्छ । यसर्थ यस विषयमा धेरै चर्चा नगरिकन् मात्र यो भन्दछु कि हामीलाई चाहियो कि हामी यदि जीवनका प्रत्येक क्षेत्रमा उहाँको पद्धतिलाई आफ्नो जीवनशैली र आधार एवं आदर्श बनाइहालौं भने हाम्रो देश र समाजभित्र सुख शान्तिको आगमन अवश्य हुनेछ, र अत्याचार, दुराचार, व्यभिचार र दुर्व्यवहारको अन्त्य हुनेछ ।

त मेरो तपाईहरूसित यो निवेदन छ कि जब तपाइहरूलाई यो थाहा भइहाल्यो कि नैतिकताको वास्तविक आधार इस्लाम नै हो, र यो नै त्यो धर्म हो जुन समस्त अनैतिक कार्यहरूबाट रोक्दछ, र समस्त नैतिक कार्यलाई गर्नुतर्फ निमन्त्रण दिन्छ त यसै धर्मको सत्यनिष्ठ अनुयायी बनी यसैको नियम र विधान बमोजिम कर्म गर्नुस् । र समस्त भ्रमलाई त्यागेर

इस्लामतर्फ प्रवृत्त हुनुस् र यसका अदभुत र शाश्वत निर्देशनहरुको पालना गरी आफ्नो लोक परलोकलाई सफल पार्नुस्, र इस्लामका सत्य अनुयायी बनेर आफ्नो देश र समाजको सत्य सेवक र रक्षक बन्नुस् । मेरो यस ब्रहमाण्डको रचयता अल्लाहसित विन्ती छ कि हामी सबैलाई इस्लामको सत्य अनुयायी बनाएर यसका निर्देशनानुसार कार्य गर्ने अवसर प्रदान गरी समाज र देशको सुधारक र रक्षक बनाउन् ( आमीन )

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त

*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

**नेपाल**

Mob. No.00977--9814499114
00966-0501372254

Email-
atiqkhannp1982@yahoo.com